

परियोजना कार्यान्वयन निर्देशिका

Project Implementation Guideline

हेलो धारा

(खानेपानी योजनाको सुचारुपना अभिवृद्धिका लागि अनुगमन तथा मर्मत सम्भार प्रणालीमा सुधार)

परियोजना

२०८१

(२०८१/०५/१४ गतेको कार्यकालिका बैठकबाट स्वीकृत)

विषयसुची

१. परिचय १
१.१ पृष्ठभूमि १
१.२ खानेपानी आपूर्ति प्रणाली: राष्ट्रिय सन्दर्भ र परिभाषाहरू २
१.३ सरोकारवालाहरूको भूमिका तथा जिम्मेवारीः ३
२. परियोजना अवधारणा ५
२.१ परियोजना विवरण ५
२.२ परियोजना प्रभाव र परिणामहरू ५
२.३ परिवर्तनको सिद्धान्त (Theory of Change): ५
२.४ परियोजना गतिविधिहरु र सूचकहरू ७
३. परियोजना कार्यान्वयन ११
३.१ समग्र सेवा व्यवस्थापन: नीति र योजना १२
३.२ मानवीय श्रोत तथा व्यवस्थापन १३
३.३ सुचारुपना र मर्मत कोष १४
३.४ पुरस्कार संयन्त्रः १४
३.५ सेवा निगरानी १५
३.६ अनलाइन उजुरी संयन्त्र १५
४. सञ्चालन र मर्मतसम्भार १६
४.१ प्रतिक्रिया संयन्त्र र अनलाइन रिपोर्टिङः १६
४.२ खानेपानी योजनालाई सुचारु बनाउन साना मर्मतका साथै क्षमता निर्माण १७
४.३ मुख्य मर्मत र सुविधाको स्तरवृद्धिका लागि पुर्नस्थापना/पुर्ननिर्माण १८
४.४ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको दिगोपना १८
५. अनुगमन तथा मूल्याङ्कन र सिकाई विस्तार २०
५.१ प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs) - कार्यक्रमका नतिजाहरू २१
५.२ प्रतिवेदनः २१
५.३ परियोजनामा अभ्यास गरिने पारदर्शिताका उपकरणहरू २२
६. बजेट र स्रोत व्यवस्थापन २४
७. जोखिम र चुनौतीहरू २४
८. संक्रमण योजना २५

अनुसूचीहरुः

अनुसूची-१:परियोजना कृयाकलाप विस्तृतिकरण
अनुसूची-२: पुरस्कृत गर्ने मापडण्ड
अनुसूची-३: योजनाको वार्षिक साधारण सभा तथा सार्वजनिक लेखा परीक्षण
अनुसूची-४: वार्षिक सार्वजनिक सुनुवाई
अनुसूची-५: सुचारुपना पहलहरू सहित कर्तव्य र जिम्मेवारीहरूमा तालिम
अनुसूची-६: योजना संचालन तथा मर्मत सम्भार कार्ययोजना
अनुसूची-७ हेलो मोनिटरिङ दिशानिर्देश २०८१

१. परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभुत स्वास्थ तथा सरसफाइ र खानेपानी आपुर्तिलाई स्थानीय सरकारको एकल अधिकारमा राखेको छ । अतः स्थानीय तहका खानेपानी सरसफाइ तथा स्वच्छता योजनाहरुको तर्जुमा, तिनको कार्यान्वयन, संचालन र मर्मत सम्भारको जिम्मेवारी मुलतः स्थानीय सरकारको नै हो । यद्यपी, प्रयाप्त श्रोतसाधन, नीतिगत संरचना, आवश्यक बजेट र दक्ष मानवश्रोतको अभावका कारण यस जिम्मेवारीलाई प्रभावकारी रुपमा पुरा गर्न सकिएको छैन । परिणामस्वरुप हाम्रा खानेपानी योजनाहरुको सुचारुपनाको अवस्था निकै कमजोर छ । देशमा विद्यमान करिव ४२,००० खानेपानी योजनाहरु मध्ये करिव एक तिहाईमात्र पुर्ण रुपमा सुचारु छन भने दुइ तिहाइ भन्दा बढी योजनाहरुमा सामान्य तथा ठुला मर्मत सम्भार एवं पुर्नस्थापना वा पुर्ननिर्माण सम्मकै आवश्यकता रहेको देखिन्छ । लेकबेशी नगरपालिकामा बिद्यमान खानेपानी योजनाहरुको सुचारुपनाको अवस्था हेर्ने हो भने पनि NWASH मा Inventory गरिएका ९१ वटा योजनाहरु मध्ये सुचारुपना स्कोर ९० भन्दा वढि भएका योजनाहरु जम्मा १७ वटा मात्र रहेका छन् । नगरपालिकाको NWASH मा Inventory गरिएका योजनाहरुको तथ्याङ्कगत अवस्था तलको तालिका अनुसार रहेको छ ।

तालिकाः १- योजनाको सुचारुपना अवस्था

स्कोर स्तर	योजना संख्या	धारा संख्या	लाभान्वित घरधुरी	लाभान्वित जनसंख्या	नीजि धारा भएका योजना संख्या	सामुदायिक धारा भएका योजना संख्या	१० भन्दा कम घरधुरी समेट्ने योजना संख्या
९० भन्दा वढि	१७	१६३६	१७४३	१०१११	१०	७	३
८० देखि ८९.९९ स्कोर	१९	१०२९	१६६९	७९२०	८	११	८
७० देखि ७९.९९ स्कोर	१७	३७९	६२९	४२९६	७	१०	७
६० देखि ६९.९९ स्कोर	११	३८७	४९१	२७१५	७	४	४
६० भन्दा कम स्कोर	२७	३३२	७५८	३०१२	८	१९	८
जम्मा	९१	३७६३	५२९०	२८०५४	४०	५१	३०

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार ९० भन्दा वढि स्कोर भएका योजनाहरुलाई राम्रो सुचारुपना अवस्था, ८० देखि ८९.९९ स्कोर भएका योजनाहरुलाई मध्यम सुचारुपना अवस्था, ७० देखि ७९.९९ स्कोर भएका योजनाहरुलाई सामान्य सुचारुपना अवस्था भएका योजना भनेर स्तरीकरण गर्न सकिन्छ । ६० देखि ६९.९९ स्कोर हुनु भनेको योजनाको सुचारुपना कमजोर हुनु हो, तर सामान्य मर्मत तथा व्यवस्थापकीय सुधार गरिएमा सुचारुपना स्कोरमा सुधार ल्याउन सकिन्छ । तर ६० भन्दा कम स्कोर भएका योजनाहरुलाई सामान्य मर्मत सम्भारले मात्र पुग्दैन, यि योजनाहरुको पुनःनिर्माण तथा ठूलो मर्मतको आवश्यकता हुन सक्छ ।

यसै पृष्ठभूमीलाई मध्येनजर गरि यस नगरपालिले खानेपानी योजनाको सुचारुपना अभिवृद्धिका लागि अनुगमन तथा मर्मत सम्भार प्रणालीमा सुधार गर्न एक परियोजना कार्यान्वयनका लागि यो कार्यविधि तयार गरि लागु गरिएकोछ। यस परियोजनालाई छोटकरीमा “हेलो धारा परियोजना” भनिनेछ भने परियोजना संचालन व्यवस्थापनका लागि हेल्भेटास नेपाल लगायत स्थानिय गैर सरकारी संस्थाको आर्थिक तथा प्राविधिक साझेदारी गरिनेछ। परियोजनाले मुख्य रुपमा नगरपालिकामा रहेका सवै खानेपानी तथा सरसफाइ योजनाहरुको प्रभावकारी अनुगमन, संचालन र मर्मत सम्भार गरि तिनको पुर्ण सुचारुपना सुनिश्चित गर्न आवश्यक नीति नियम तथा संयन्त्र निर्माणका साथै सो का लागि नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने लक्ष्य लिएको छ।

यो परियोजना कार्यान्वयन निर्देशिका (Project Implementation Guideline-PIG) नगरपालिकमा हेलो धारा परियोजनाका कृयाकलापहरुको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा एकरुपता कायम गर्नको लागि तयार गरिएको छ।

१.२ खानेपानी आपूर्ति प्रणाली: राष्ट्रिय सन्दर्भ र परिभाषाहरू

नेपाल सरकारले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति र १५औं विकास योजनामा दिगो विकासका लक्ष्य अनुसार खानेपानी सेवाको स्तरोन्नतिलाई प्राथमिकता दिएकोछ। नेपालले दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ६.१ (सबैका लागि सुरक्षित र किफायती खानेपानीमा सर्वब्यापी र समतामूलक पहुँच हासिल गर्ने) लगायतका दिगो विकासका लक्ष्यहरू २०३० सम्म हासिल गर्न प्रतिवद्ध छ। १५ औं पञ्चवर्षीय योजना अवधिभित्र नेपाल सरकारद्वारा निर्धारित आधारभूत खानेपानी आपूर्तिको पहुँचको लक्ष्य ९९ प्रतिशत रहेकोछ। सरकारले यस योजना अवधिभित्र सुधारिएको र सुरक्षित रुपमा व्यवस्थित खानेपानी आपूर्ति प्रणाली (उच्च र मध्यम तह) मा पहुँच सहित ४० प्रतिशत जनसंख्या समावेश गर्ने लक्ष्य पनि राखेको छ। नेपाल सरकारको परिमाण, पहुँच, विश्वसनीयता र गुणस्तर (QARQ) को मापदण्ड प्रयोग गरी खानेपानी आपूर्ति सेवा स्तरको परिभाषित गरिएकोछ। राष्ट्रिय खा.स.स्व. क्षेत्र विकास योजनाले खानेपानी आपूर्ति सेवाको स्तरलाई निम्न, आधारभूत, मध्यम र उच्च स्तरको भनेर परिभाषित गरेकोछ।

आधारभूत स्तरको खानेपानी आपूर्ति (Basic level water supply): राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डको आधारमा ग्रामीण मापदण्ड प्रतिव्यक्ति ४५-६५ लिटर प्रति दिन पानी आपूर्ति र प्रति दिन न्यूनतम ८ घण्टा पानी आपूर्ति हुने। यदि खानेपानी सुविधा २ दिन भित्र पुनर्स्थापित गर्न सकिन्छ र महिनामा एक पटक भन्दा बढी अवरोधका घटनाहरू छन् भने, त्यस्तो अवस्थालाई यस स्तरमा रहेको मानिन्छ।

मध्यम स्तरको पानी आपूर्ति (Medium level water supply): राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डका साथै १००% निजी जडान भएका उपभोक्ताहरुलाई ६५-१०० लिटर प्रतिव्यक्ति प्रति दिनको मात्राको पानी आपूर्ति र प्रति दिन न्यूनतम १२ घण्टा आपूर्ति भएको अवस्था छ र यदि सेवा एक दिन भित्र पुनर्स्थापित गर्न सकिन्छ भने, तीन महिनाको अवधिमा एक पटक भन्दा बढी कुनै अवरोध छैन र यसले थप १०% अतिरिक्त पानीको आपत्कालिन माग राख्न सक्छ भने त्यस्तो खानेपानी सुविधा यो स्तरमा रहन्छ।

उच्च स्तरको पानी आपूर्ति (High level water supply): यदि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार १००-१५० लिटर प्रतिव्यक्ति प्रति दिन र न्यूनतम २४ घण्टा आपूर्ति भएका निजी धारा जडान भएका १००% उपभोक्ताहरूलाई पानी आपूर्तिको सुविधा छ र खानेपानी सुविधा एक दिन भित्र पुनर्स्थापित गर्न सकिन्छ, एक वर्षको अवधिमा एक पटक भन्दा बढी कुनै अवरोध छैन र १०% अतिरिक्त आपत्कालिन माग धान्न सक्छ, भने त्यस्तो खानेपानी सुविधा यो स्तर अन्तर्गत पर्दछ।

खानेपानी तथा सरसफाइको लागि संयुक्त अनुगमन कार्यक्रम अनुसार घरायसी तहमा खानेपानी सेवा (JMP- सुरक्षित खानेपानी २०२१) को स्तर निम्नानुसार परिभाषित गरिएकोछः

१. **सुरक्षित रूपमा व्यवस्थित (Safely managed):** घर परिसरमा पहुँचयोग्य सुधारिएको स्रोतबाट आउने पिउने पानी, आवश्यक पर्दा उपलब्ध र मल तथा प्राथमिक रासायनिक प्रदूषणबाट मुक्त।

२. **आधारभूत (Basic):** एक सुधारिएको स्रोतबाट आउने पिउने पानी, लाममा बसेर पानी लिन जाने आउने समय ३० मिनेट भन्दा बढी नलाग्ने।

३. **सीमित (Limited) :** एक सुधारिएको स्रोतबाट आउने पिउने पानी, लाममा बसेर पानी लिन जाने आउने समय ३० मिनेट भन्दा बढी लाग्ने।

४. **सुधार नगरिएको (Unimproved) :** असुरक्षित तरिकाले खनेको इनार वा असुरक्षित मुहान स्रोतबाट आएको पिउने पानी।

५. **सतहको पानी (Surface water):** पिउने पानी प्रत्यक्ष रूपमा नदी, ताल, पोखरी, खोला वा सिंचाई नहरबाट सङ्कलन गरिएको।

१.३ सरोकारवालाहरूको भूमिका तथा जिम्मेवारीः

(क) नगरपालिकाको भूमिकाः

(१) हेलो धारा परियोजनालाई आफ्नो वार्षिक योजनामा समावेश गरी वार्षिक बजेट विनियोजन गर्ने।

(२) परियोजनाको कार्यान्वयनका लागि वार्षिक रुपमा साझेदार संस्थासंग गरिने सम्झौतामा उल्लेखित रकम विनियोजन तथा खा.स.स्व. इकाई मार्फत निकासा गर्ने।

(३) परियोजनाको कार्यान्वयनमा आवश्यक समन्वय र आयोजना सञ्चालनमा सहजीकरण गर्न नगरपालिकाले खा.स.स्व. इकाईलाई चलायमान बनाउने र आवश्यक परिचालन गर्ने।

(४) खा.स.स्व. सेवालाई सुचारुपना तथा दिगोरुपमा संचालन गर्न प्रगतीशिल गतिमा बजेट विनियोजन गर्ने।

(५) यस परियोजनाका लागि कार्य कक्ष र अन्य बन्दोवस्तीका सामान (फर्निचर आदि) उपलव्ध गराउने।

(६) नगरपालिकामा योजना कार्यान्वयनमा दोहोरोपन हटाउन सरोकारवाहरुसंग समन्वय गर्ने।

(७) परियोजनाहरूद्वारा सम्पन्न भएका मुख्य गतिविधिहरूको अभिलेखीकरण गरी भविष्यमा उपभोक्ता समिति र समूहहरूलाई निरन्तर मार्गदर्शन गर्ने।

(८) खा.स.स्व. इकाई मार्फत खा.स.स्व. प्रणालीलाई सवलीकरण गर्न संस्थागत सुधारका प्रयास अवलम्वन गर्दै खा.स.स्व. सेवा सम्वन्धी सुचनाहरुको नियमित तथ्याङ्कहरु अध्यावधि हुने प्रणाली स्थापना गर्ने।

(९) खा.स.स्व. इकाई मार्फत खा.स.स्व. सेवा सम्वन्धी गुनासाहरुको नियमित संकलन, अध्यावधि गर्ने र गुनासाहरुको सम्वोधन गर्ने गराउने। साथै गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन अनलाईन ड्यासइबोर्ड निर्माण गरि नियमित अध्यावधि गर्ने गराउने।

(१०) नगरपालिकामा विद्यमान खानेपानी योजनाहरुको प्राथमिकता तोकी संचालन तथा मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने।

(११) उपभोक्ता समितिको क्षमता विकास गर्न, उत्प्रेरित गर्न, नियमन गर्न र सुचारुपनाका लागि सहयोग गर्न खा.स.स्व. ईकाइलाई परिचालन गर्ने तथा समान प्रकृतिका काम गर्ने अन्य सरोकारवालासंग आवश्यक पहलका लागि समन्वय गर्ने।

(१२) खा.स.स्व. इकाई मार्फत परियोजनाका लागि नियुक्त गरिएका कर्मचारीलाई परिचालन तथा अनुगमन गर्ने गराउने।

(ख) स्थानीय साझेदार संस्थाको भूमिका तथा जिम्मेवारीहरू:

(१) **हेलो धारा परियोजना**का तय गरिएका विभिन्न क्रियाकलापहरु संचालन गर्न सम्वन्धित सरोकारवालाहरुलाई प्राविधिक र सामाजिक सहजिकरण गर्ने।

(२) परियोजनाको सफल तथा गुणस्तरीय कार्यान्वयनका लागि परियोजनासंग सम्बन्धित निर्देशिका तथा कार्यविधिहरुको पालना गर्ने गराउने।

(३) **लैङ्गिक समानता, वाल संरक्षण नीति, यौनजन्य हिंसा, सामाजिक समावेशी तथा गरिबी निवारण नीति**हरुमा हेल्भेटास नेपालले अपनाएको मुल्य मान्यता तथा नीतिहरुलाई पालना गर्ने गराउने ।

(४) भ्रष्टाचारको बिषयमा **शुन्य सहनशिलता**को नीति अवलम्वन गर्ने ।

(५) विकास साझेदारका आधारभुत मार्गदर्शन पालना गर्न र गराउन प्रतिवद्ध रहने।

(ग) ए.ज.व्य.का./हेल्भेटास नेपालको उत्तरदायित्वहरू:

(१) हेलो धारा परियोजना कार्यान्वयन गर्न नगरपालिका र साझेदार संस्थालाई प्राविधिक सहयोग गर्ने तथा क्षमता अभिबृद्धि गर्ने।

(२) परियोजनाको योजना तर्जुमा, अनुगमनमा सहयोग तथा सुपरिवेक्षण गर्ने।

(३) खा.स.स्व. सेवाको क्षेत्रगत विकासका लागि स्थानीय, प्रदेश तथा संघिय सरकारसंग परियोजनासंग सम्बन्धित विषयहरुमा समन्वय गर्न सहयोग गर्ने।

(४) परियोजनाका क्रियाकलाप संचालन गर्न नगरपालिकासंग गरिने वार्षिक सम्झौता बमोजिमको आर्थिक सहयोग गर्ने।

(घ) बाह्य सरोकारवाला संलग्नता रणनीति

सरोकारवाला	**कार्यक्रममा बाह्य सरोकारवालाहरूको भूमिका र सरोकारवालाहरूलाई कार्यक्रमको सहयोग**
सफ्टवेयर डेभलपर	एक योग्य सफ्टवेयर विकासकर्ता, एक फर्म वा एक व्यक्तिले, सुचारुपना अनुगमन र गुनासो र प्रतिक्रिया संयन्त्रको लागि ड्यासबोर्ड / मोबाइल अनुप्रयोगहरू डिजाइन र सञ्चालन गर्नेछ। चयन गरिएको फर्म वा व्यक्तिलाई परियोजना अवधारणामा अभिमुख गरिनेछ र तिनीहरूको सेवा र वस्तुहरू खरिद गरिनेछ।
उपभोक्ता समितिहरु	उपभोक्ता समिति सदस्यहरूले सञ्चालन, मर्मत र सम्भार लगायत खानेपानी योजनाहरूको समग्र व्यवस्थापनमा भाग लिनेछन्। परियोजनाले उनीहरूलाई सुचारुपना पहलहरू सहित कर्तव्य र जिम्मेवारीहरूमा तालिम/अभिमुखीकरण प्रदान गर्नेछ, उनीहरूलाई वार्षिक साधारण सभा (एजीएम)/सार्वजनिक लेखा परीक्षणको लागि सहयोग गरिनेछ; नियमित सल्लाह र कोचिङ सहयोग पनि प्रदान गरिनेछ।
ग्रामिण मर्मत सम्भार कार्यकर्ता (VMW)	संरचनाहरुको नियमित निरीक्षण, योजनामा देखा परेका साना मर्मतकार्य तथा पानी गुणस्तर निगरानी हस्ता नियमित मर्मत र सम्भार कार्य गर्ने। साथै ग्रामिण परिवेशमा संचालन भएका खानेपानी योजनामा ग्रामिण मर्मत सम्भार कार्यकर्ता पानी महशुल संकलन र रेकर्ड राख्ने जस्ता कार्य समेत गर्नु पर्ने हुन्छ। यसका साथै योजनामा हुने आकस्मिक मर्मत कार्यमा पनि उपभोक्ता तथा समिति पदाधिकारीसंगै सघाउनु पर्ने हुन्छ।
खानेपानी तथा ढल व्यवस्थापन विभाग	संघीय खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM) ले N-WASH डाटाबेसलाई प्रभावकारी रूपमा प्रयोग गर्न नगरपालिकालाई सहयोग गर्नेछ। नगरपालिकाको अनुरोधमा N-

	WASH सूची अद्यावधिक गर्न प्रशिक्षण र अभिमुखीकरणको व्यवस्था गर्नेछ। DWSSM ले सिकाइ साझेदारी कार्यक्रमहरूमा पनि भाग लिनेछ।
प्रदेश सरकार	कर्णाली प्रदेशको जलस्रोत तथा उर्जा मन्त्रालयका प्रतिनिधिले नगरपालिकाको समन्वय बैठक र सिकाइ आदानप्रदान कार्यक्रममा सहभागीता जनाउने छ; राष्ट्रिय तथा प्रदेशको नीति तथा प्राथमिकताको प्रगतिको समीक्षा र अद्यावधिक गर्नेछ।

२. परियोजना अवधारणा

२.१ परियोजना विवरण

दिगो विकास र स्वच्छ खानेपानीमा पहुँच सुधार गर्ने हाम्रो प्रतिबद्धताको एक हिस्साको रूपमा, हामी हाम्रो नगरपालिकामा हेल्भेटास नेपालको आर्थिक र प्राविधिक सहयोग तथा स्थानिय गैर सरकारी सहजीकरणमा हेलोधारा परियोजना कार्यान्वयन गर्न पाउँदा खुसी छौं। हेलोधारा परियोजनाको सफल कार्यान्वयनका लागि हाम्रो नगरपालिका अन्तरगत रहेको खा.स.स्व. इकाई जिम्मेवार निकाय हुनेछ। खा.स.स्व. इकाई सँगको समन्वयमा हेलोधारा परियोजनाका सबै गतिविधिको योजना तर्जुमा, कार्यान्वयन र निरीक्षणको व्यवस्थापन गरिनेछ।

यस परियोजनाले लिएका नीतिले दिगो विकास लक्ष्यहरू प्राप्त गर्न र सुरक्षित तथा पहुँचयोग्य जलस्रोतहरूको प्रावधान मार्फत हाम्रा नागरिकहरूको जीवनस्तर सुधार गर्न नगरपालिका, साझेदार संस्थाहरू र समुदायका सदस्यहरू बीचको सहकार्यलाई बढावा दिने हाम्रो समर्पणलाई प्रतिबिम्बित गर्दछ।

२.२ परियोजना प्रभाव र परिणामहरू

हेलो धारा परियोजनाको मुख्य प्रभाव र परिणाम विवरणहरू निम्न अनुसार छन्।

दीर्घकालीन दृष्टि (३-५ वर्ष) र कार्यक्रम लक्ष्य (Long-term Vision & Program Goal) :

प्रस्तावित परियोजनाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) सुविधालाई नियमित सञ्चालन र मर्मत सम्भारका लागि दिगो संयन्त्र स्थापना गरी सेवामा सुधार गर्ने लक्ष्य राखेको छ। यसले खानेपानीमा नागरिकको भरपर्दो पहुँच सुनिश्चित गर्नेछ र उच्च पानी बिन्दु सुचारुपना कायम राख्नेछ। परियोजनाको प्रभावकारी कार्यान्वयनले नगरपालिकामा खा.स.स्व. प्रणालीको सुदृढीकरण हुनेछ भने प्रादेशिक तहमा प्राविधिक सेवाहरूका लागि समन्वय गर्न सहज हुनेछ।

अल्पकालिन दृष्टिकोण (Short-term vision):

लेकबेशी नगरपालिकामा खा.स.स्व. सेवाहरूमा भरपर्दो पहुँच सुनिश्चित गर्न खानेपानी योजनाहरूको संचालन र मर्मतका लागि मर्मत सेवा प्रदायकहरूलाई प्रभावकारी रूपमा परिचालन गरि पानी बिन्दु सुचारुपनामा वास्तविक समय तथ्याङ्क प्रदान गर्ने अनुगमन संयन्त्र स्थापना गर्नु हो। यस चरणको मुख्य उद्देश्य नगरपालिकामा एक कार्यात्मक खा.स.स्व. इकाई स्थापना गर्नु हो, जसले सबै उपभोक्ता समिति र खा.स.स्व. सुविधाहरूको निरीक्षण गर्न सकोस र यसरी तिनीहरूमध्ये कम्तिमा ९०% पानी बिन्दुहरु पूर्ण रूपमा सुचारु छन् भनेर सुनिश्चित गर्न सकोस।

२.३ परिवर्तनको सिद्धान्त (Theory of Change):

देशका धेरै नगरपालिकाहरू, विशेष गरी दुर्गम क्षेत्रहरूमा तिनीहरूको अधिकार क्षेत्र भित्र खा.स.स्व. सुविधाहरूको कार्यात्मक स्थितिको निरीक्षण गर्न तथा समयमै संचालन र मर्मत सुरु गर्न उचित संयन्त्र र क्षमताको अभाव छ। परिवर्तनको यो सिद्धान्त अनुसार नगरपालिकाको खा.स.स्व. सुविधाहरूको लागि बलियो निगरानी, संचालन र मर्मत

संयन्त्र सुनिश्चित गर्न प्रणाली विकासका लागि क्षमता निर्माण गर्न बाह्य सहयोग चाहिन्छ भन्ने हो। जसले गर्दा, नगरपालिकाले प्रभावकारी रूपमा खा.स.स्व. सम्वन्धी योजनाहरूको सुपरिवेक्षण गर्न सक्छ र योजनाहरूलाई तिनीहरूको डिजाइन गरिएको अवधि सम्मको लागि पूर्ण रूपमा सुचारु राख्दै तुरुन्तै संचालन र मर्मत सम्भार गर्न सक्षम हुनेछ। राम्रोसँग मर्मत गरिएको र पूर्ण रूपमा सुचारु खानेपानी योजनाहरूले स्थानीय समुदायहरूको लागि सफा, सुरक्षित पानी र राम्रो सरसफाइमा निरन्तर पहुँच सुनिश्चित गर्दछ जसले गर्दा उनीहरूको समग्र स्वास्थ्य, जिविकोपार्जन सहित सामाजिक-आर्थिक विकासमा ठोस सुधारमा योगदान गर्नेछ। यी सबैले अन्ततः देशको दिगो विकास लक्ष्य ६ प्राप्त गर्न र संविधानमा संरक्षित खानेपानी र सरसफाइमा पहुँचको अधिकारहरू प्राप्त गर्न योगदान पुऱ्याउँनेछ।

अपेक्षित परिवर्तनलाई साकार पार्न विशिष्ट रणनीति तल उल्लेख गरिए अनुसार हुनेछन्:



क. स्थानीय नेतृत्व: यस हेलो धारा परियोजनाको नेतृत्व नगरपालिकाले गर्नेछ र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी त्यसको कार्यान्वयनका लागि परिचालन गर्नेछ। नगरपालिकाले परियोजना कार्यान्वयनका लागि सह-लगानी प्रदान गर्नेछ। हेल्भेटास र यसका साझेदारहरूको प्रणालीगत परिवर्तनका लागि अस्थायी सहजकर्ताको भूमिका हुनेछ।

ख. संस्थागत व्यवस्था: नगरपालिकाले तालिम प्राप्त जनशक्ति सहित खा.स.स्व. सेवा सुचारुपना र मर्मत संयन्त्र स्थापना गर्नका लागि समर्पित कोष स्थापना गर्नेछ तथा त्यसको परिचालनका लागि आवश्यक ऐन/कानून/नीतिहरू बनाउँनेछ। खा.स.स्व. इकाईलाई उचित ब्यवस्थापन सहित परियोजना कार्यान्वयनका लागि सक्रिय बनाउनेछ। आवश्यकता अनुसार खानेपानी ब्यवस्थापन बोर्डको गठन गरेर पनि खा.स.स्व. सेवासंग सम्बन्धित कार्य गर्न सक्ने छ ।

ग. सुचारुपना अवस्था अनुगमन: नगरपालिकामा रहेको खा.स.स्व. इकाईले फोन कल- "हेलो धारा" मार्फत पालिकामा रहेका खानेपानी योजनाहरूको सुचारुपना स्थिति अनुगमन गर्नेछ। तिनीहरूले सामुदायिक परामर्श र

फिल्ड सतरको अनुगमनको आधारमा संचालन र मर्मत योजनाहरू तयार गरिनेछ। "हेलो धारा" मार्फत अनुगमनको आवृत्ति पहिलो वर्ष त्रैमासिक र दोस्रो वर्षदेखि अर्धवार्षिक हुनेछ। योजनाहरुको सुचारुपना अनुगमनका लागि ड्यासबोर्ड विकास गरिनेछ तथा नियमित अध्यावधिक गरिनेछ।

घ. गुनासो र प्रतिक्रिया प्रणाली: नगरपालिकाले उपभोक्ताहरूबाट खानेपानी योजनाको सुचारुपना सम्बन्धी गुनासोहरू सङ्कलन गर्न र ती गुनासोहरूको सम्बोधन गर्ने तरिका वा च्यानलहरूको लागि एक राम्रो परिभाषित प्रणाली विकास गर्नेछ। हेल्भेटास नेपाल र साझेदार संस्थाहरूले खानेपानी आपूर्ति प्रणालीको सुचारुपना स्थितिको वास्तविक समय डाटा उत्पन्न गर्न सक्ने नगरपालिकाको ड्यासबोर्ड डिजाइन र सञ्चालन गर्न खा.स.स्व. इकाईलाई सहयोग गर्नेछ। खा.स.स्व. इकाईले गुनासोहरू सङ्कलन गर्न र सम्बोधन गर्न तथा गरिएका कारबाहीहरूबारे जानकारी दिन टेलिफोन, एसएमएस वा लिखित वा मौखिक सञ्चार जस्ता अन्य सान्दर्भिक उपायहरू पनि प्रयोग गर्नेछ।

ङ. क्षमता निर्माण: हेल्भेटास नेपाल र यसका साझेदारहरूले नगरपालिकाको खा.स.स्व. इकाईको विशेष गरी नगरपालिकामा खा.स.स्व. प्रणाली व्यवस्थापन/सञ्चालन, सुचारुपना र मर्मतका क्षेत्रमा क्षमता विकासका लागि सान्दर्भिक तालिमहरू सञ्चालन गर्न सहयोग गर्नेछन्। उपभोक्ता समितिहरुलाई पुन: सक्रिय गरिनेछ, प्रत्येक उपभोक्ता समितिमा प्रशिक्षित प्राविधिकहरूको उपलब्धता सुनिश्चित गरिनेछ, सुचारुपना र मर्मत सम्भार निर्देशिकाहरू तयार गरिनेछ, उपभोक्ताहरूको गुनासोहरूको द्रुत रूपमा समाधान गर्न सुचारुपना र मर्मतका लागि आवश्यक स्पेयर पार्ट्स र उपकरणहरूको उपलब्धता सुनिश्चित गरिनेछ।

च. सचेतना अभवृद्धि: खा.स.स्व. इकाई मार्फत उपभोक्ताहरूलाई पानी प्रणाली मर्मतसम्भारको महत्त्वबारे सुसुचित गर्न सचेतना अभियान र सामुदायिक बैठकहरू सञ्चालन गरिनेछन्। परियोजना अन्तरगत खानेपानी उपभोक्ताहरू र समितिहरुलाई नगरपालिकामा गुनासाहरु पेश गर्ने बारे, गुनासो सम्बोधन संयन्त्रबारे र यसलाई प्रयोग गर्ने तरिकाहरूबारे जानकारी दिन रेडियो कार्यक्रमहरू, सूचना बोर्ड, टेलिफोन सन्देश (SMS) आदि प्रयोग गरिनेछन्।

छ. संचालन तथा मर्मतसम्भार: खा.स.स्व. इकाई (वा इकाईद्वारा नियुक्त गरेका सेवा प्रदायकहरू) ले वर्षको कम्तीमा एक पटक, रोकथाम मर्मत र/वा प्रणालीहरूमा कुनै त्रुटि वा क्षति पत्ता लगाउन र समाधान गर्नका लागि योजना क्षेत्रहरूमा पुगेर अनुगमन गर्नेछन। सुचारुपना अनुगमन गर्दा देखिएको र उपभोक्ताहरूको गुनासोको आधारमा जहाँसम्म सम्भव छ तुरुन्तै मर्मतसम्भार गर्ने ब्यवस्था गरिनेछ।

ज. अनुगमन र सिकाई विस्तार: नगरपालिकाको परियोजना व्यवस्थापन समिति, हेल्भेटास नेपाल र यसका साझेदारहरूले नियमित रूपमा यस परियोजना अन्तर्गत भएका सबै पहलहरूको प्रभावकारिता र परिणामहरूको अनुगमन गर्नेछन्। परियोजनाका सफल दृष्टिकोणहरू र सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्दै नतिजाहरू र सिकेका पाठहरू अगामी रणनीतिमा आवश्यक समायोजन गरिनेछन्।

२.४ परियोजना गतिविधिहरु र सूचकहरू

(क) *परियोजनाका मुख्य सुचकहरु*:

सूचकहरु	**सूचकको विवरण**	**लक्ष्य**	**मापन योजना**
सुचारुपना र मर्मत अन्तरगत समेटिने कुल धारा संख्या	प्रत्यक्ष परियोजनाहरूले समेट्ने कार्यक्रम क्षेत्रका सवै धाराहरु समावेश छन् जुन सानो मर्मत, प्रत्यक्ष अनुगमन, वा क्षमता निर्माणबाट फाइदा हुनेछ।	३८६९ (निजी र सामुदायिक दुवै)	*प्राविधिक* प्रतिवेदन, *अनुगमन* प्रतिवेदन

सूचकहरु	सूचकको विवरण	लक्ष्य	मापन योजना
खानेपानी योजनाको संख्या (कुल कार्यक्रमको)	प्रत्यक्ष परियोजनाहरूले समेट्ने कार्यक्रम क्षेत्रका सवै खानेपानी योजनाहरू समावेश छन् जुन सानो मर्मत, प्रत्यक्ष अनुगमन, अनलाईन अनुगमन वा क्षमता विकासबाट लाभान्वित हुनेछन् ।	२४	*अनुगमन रिपोर्टहरू*
खानेपानी उपभोक्ता संख्या (कार्यक्रमको कुल)	प्रत्यक्ष परियोजनाहरूले समेट्ने कार्यक्रम क्षेत्रमा अनुगमन वा मर्मत वा क्षमता विकास सम्बन्धी पहलद्वारा सुचारु गरिएका योजना/धाराहरुबाट खानेपानी उपभोक्ताहरुको संख्या	२३,४५०	*प्राविधिक रिपोर्ट अनुगमन रिपोर्टहरू साइट सूची*
सुचारु धारा (प्रतिशत र कार्यक्रम कुल)	यो पानी बिन्दुहरूको प्रतिशत हो जुन अन्तिम पटकको योजना क्षेत्रको अनुगमन तथा अन्तरक्रियाको आधारमा हुनेछ । यसले सुचारु अवस्थामा भएका र मर्मत पश्चात सुचारु भएका धाराहरु समावेश गर्दछ । योजनामा रहेका धाराहरुको सुचारुपनाका लागि समुदायको सहभागिता सहितको सुचारुपनाको मुख्य सूचक हो । यो समग्र परियोजनाहरूको प्रतिशत हो र व्यक्तिगत स्तरमा साइटलिस्ट मार्फत अद्यावधि हुनेछ ।	३८६९ धाराको ९०%	*प्राविधिक रिपोर्ट अनुगमन रिपोर्टहरू साइट सूची*

मुख्य कार्यसम्पादन सूचकहरू विद्यमान खानेपानी योजनाहरू र मर्मत गर्नुपर्ने धाराहरूको संख्या र साथै यी योजनाहरूबाट लाभान्वित हुने जनसंख्यामा निर्भर गर्दछ । परियोजना कार्यान्वयनमा धैरै योजनाहरू कभर गर्न नगरपालिका-व्यापी दृष्टिकोण अपनाईनेछ । N-WASH सूचीको प्रारम्भिक विश्लेषणले नगरपालिकामा कुल ९१ खानेपानी योजना र ३७६३ पानी बिन्दुहरू रहेको देखाउँछ । यद्यपि, धैरै योजनाहरू साना आकारका छन्, उदाहरणका लागि, एक देखि पाँच धारा र तीन देखि १० घरधुरी । पहिलो चरणको लागि हाम्रो लक्ष्य ३० भन्दा माथिका घरपरिवार र उपभोक्ता समितिको उपस्थिति राम्रो भएका खानेपानी योजनाहरू हुनेछन् ।

(ख) मुख्य उपलब्धीहरू

विशिष्ट गतिविधिहरू र कार्यक्रम अवयवहरू तपशिलमा उल्लेख गरिए बमोजिम हुनेछन् । तल तालिकामा उल्लेखित कृयाकलापको विस्तृतिकरण सहितको कार्यान्वयन खाका अनुसूची-१ मा राखिएको छ ।

गतिविधि:	सूचकको विवरण (यो ठूला कार्यक्रम लक्ष्य र दृष्टिकोणसँग कसरी सम्बन्धित छ भन्ने सहित)	लक्ष्य	मापन योजना
परियोजना शुरुवात बैठक	आयोजनाको अवधारणा र उद्देश्य र कार्यान्वयनमा उनीहरूको भूमिका र जिम्मेवारी बारे सम्बन्धी जानकारी गराउने बैठकहरूको संख्या	१	त्रैमासिक प्रतिवेदन
योजनाहरुको ठूला मर्मत सम्भार कार्यको लागि योगदान	मुख्य संचालन र मर्मतका लागि कोष प्राप्त गर्ने र तिनीहरूको सुचारुपना पुनर्स्थापना गर्ने योजनाहरूको संख्या।	१०	अर्धवार्षिक र वार्षिक प्रतिवेदन
परीक्षण योजनाहरुको RVTs, FRC, र/वा आवश्यकता अनुसार अन्तिम धारामा पायलट सेन्सर/स्मार्ट मिटर प्रविधि जडान	विभिन्न स्थानहरूमा जडान गरिएको सेन्सर/स्मार्ट मिटर प्रणाली (RVT, FRC, अन्तिम ट्याप) मार्फत योजनाहरूमा पानीको बहावको अनुगमन गर्न प्रविधि प्रयोग गरिने योजनाहरूको संख्या।	२	अर्धवार्षिक र वार्षिक प्रतिवेदन
खानेपानी प्रणाली र धाराहरूको सुचारुपना अवस्थाको आधारभूत र अन्तिम सर्वेक्षणका लागि तालिम तथा सर्वेक्षण	आयोजित तालिमहरूको संख्या। यो २ दिने तालिमले खानेपानी योजनाको सुचारुपना अवस्थाको आधारभूत र अन्तिम रेखा सर्वेक्षण गर्न गणकहरू तयार गर्नेछ र आधारभूत र अन्तिम रेखा सर्वेक्षण गरिएको हुनेछ।	२	त्रैमासिक प्रतिवेदन
परियोजना कार्यान्वयन निर्देशिका तर्जुमा तथा नगरपालिका र साझेदार संस्थाका कर्मचारीहरूसँग परामर्श बैठक	यस परामर्श बैठकले परियोजनाको विस्तृत प्रक्रिया र कार्यप्रणालीमा परियोजना कार्यान्वयन निर्दिशकालाई अन्तिम रूप दिनेछ।	१	त्रैमासिक प्रतिवेदन
खा.स.स्व. सेवा व्यवस्थापन सम्बन्धी नयाँ नीति र निर्देशिकाहरूमा परियोजनासंग सम्बन्धित नगरपालिका र साझेदार संस्थाका कर्मचारीहरुलाई अभिमुखीकरण	यो एक-दिवसीय अभिमुखीकरण कार्यक्रमले खानेपानी प्रणालीको सुचारुपनासँग सम्बन्धित नगरपालिकाले बनाएको नीतिमा साझा बुझाई सिर्जना गर्न मद्दत गर्नेछ।	१	त्रैमासिक प्रतिवेदन
खा.स.स्व. इकाईका कर्मचारीहरू र साझेदार संस्थाका कर्मचारीहरूलाई NWASH Apps र सुचारुपना सम्बन्धी तालिम	यो तीन दिने तालिमले खा.स.स्व. इकाई र साझेदार संस्थाका कर्मचारीहरूको सुचारुपना र WASH Apps को प्रभावकारी रूपमा प्रयोग गर्न क्षमता अभिवृद्धि गर्नेछ।	१	त्रैमासिक प्रतिवेदन
गुनासो ब्यवस्थापन ड्यासबोर्ड संचालन सम्बन्धी खा.स.स्व. इकाईका कर्मचारीहरू र साझेदार संस्थाका कर्मचारीहरूलाई तालिम	यो तीन दिने तालिमले सहभागीहरुलाई ड्यास बोर्ड र गुनासो प्रणाली सञ्चालन/अपडेट गर्नेबारे क्षमताको विकास गर्नेछ।	१	त्रैमासिक प्रतिवेदन

गतिविधि:	सूचकको विवरण (यो ठूला कार्यक्रम लक्ष्य र दृष्टिकोणसँग कसरी सम्बन्धित छ भन्ने सहित)	लक्ष्य	मापन योजना
सरोकारवालाहरूलाई जवाफदेही बनाउन सुचारुपना सम्बन्धी वार्षिक सार्वजनिक सुनुवाइ बैठक	नगरपालिका वडा स्तरमा सञ्चालन हुने यस कार्यक्रमले खानेपानी योजनाको सुचारुपनाको स्थिति सार्वजनिक गर्नेछ, HWISE को दायरा विस्तार गर्ने र सरोकारवालाहरूलाई जवाफदेही बनाउनेछ।	३	वार्षिक प्रतिवेदन
खानेपानी योजना/धाराहरुको सुचारुपना अवस्था झल्काउने डिजिटल ड्यासबोर्ड विकास	नगरपालिकाको सुचारुपना डिजिटल ड्यासबोर्डहरूले धाराहरुको सुचारुपना स्थिति अनुगमन गर्नेछ र सुचारुपना सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्न सहयोग गर्नेछ।	१	अर्धवार्षिक प्रतिवेदन
खानेपानी प्रणालीको सुचारुपना सम्बन्धी गुनासो दर्ता र सम्बोधन सम्बन्धी डिजिटल संयन्त्र विकास	नगरपालिकाको सुचारुपना उजुरी दर्ता र सम्बोधन संयन्त्रले उपभोक्ताहरुबाट आएका गुनासोहरू सङ्कलन गर्ने र तिनिहरुको तत्काल प्रतिक्रियाहरू सुरु गर्न सहयोग गर्नेछ।	१	अर्धवार्षिक प्रतिवेदन
उपभोक्ताहरूबाट सुचारुपना सम्बन्धी गुनासोहरूको दर्ता ब्यवस्थापन/सहजिकरण	साझेदार संस्था तथा खा.स.स्व. ईकाइले मिडिया प्रयोग गरेर तथा संलग्न कर्मचारीहरुले समुदाय स्तरमा हुने स्तरमा हुने क्षमता विकास र सचेतना अभिवृद्धि मार्फत सुचारुपना सम्बन्धी गुनासाहरु दर्ता हुने र तिनिहरुको सम्बोधन हुने प्रणाली विकास हुने।	२०	
खा.स.स्व. इकाईका कर्मचारीहरू र साझेदार संस्थाका कर्मचारीहरूलाई सुचारुपना सर्वेक्षण, HWISE सर्वेक्षण आदि मा तालिम	यो ३ दिने कार्यक्रमले सुचारुपना सर्वेक्षण, HWISE सर्वेक्षण र सेन्सर/स्मार्ट मिटर रिडिङमा खा.स.स्व. इकाईका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नेछ।	१	त्रैमासिक प्रतिवेदन
स्थानीय सरोकारवालाहरूलाई सुचारुपना पहलहरू सहित कर्तव्य र जिम्मेवारीहरूमा तालिम (उपभोक्ता समिति, VMW/ सेवाप्रदायकहरू-प्राविधिक वा मेकानिक्स)	प्रत्येक योजनामा सञ्चालित तालिमले उपभोक्ता समितिहरुलाई पुन: सक्रिय बनाउँनेछ, उपभोक्ता समिति र VMWs को खानेपानी योजनाहरू राम्रोसँग सञ्चालन गर्न र तिनीहरूलाई सुचारु राख्नको लागि अपन्वत्व बढाउँनेछ।	२६	त्रैमासिक प्रतिवेदन
उपभोक्ता समितिको नियम अनुसार काम गर्ने र राम्रो सुचारुपना (>९०%) कायम गर्ने उ.स. लाई पुरस्कृत गर्ने (नगद वा जिन्सि)	यसले उपभोक्ता समितिलाई राम्रो प्रदर्शनको लागि प्रोत्साहित गर्नेछ र योजनाको सुचारुपना कायम राख्नेछ। नगरपालिकाका तीन उत्कृष्ट सुचारुपना प्रदर्शन गर्ने उपभोक्ता समिति छनौट र पुरुस्कृत गरिनेछ।	३	वार्षिक प्रतिवेदन
उपभोक्ता समितिको वार्षिक साधारण सभा (AGM) / सार्वजनिक लेखा परीक्षण र सेवा सुधार/समितिको पुन: सक्रियताको लागी सहयोग	योजनाहरूको संख्या जसले तिनीहरूको वार्षिक साधारण सभा /सार्वजनिक लेखा परीक्षण गर्ने र तिनीहरूको उपभोक्ता समितिहरु पुन: सक्रिय हुनेछ र सुचारुपनामा सुधार हुनेछ। यसले योजनाहरूको सुचारुपना बढाउन सीधा सहयोग गर्नेछ	२०	त्रैमासिक प्रतिवेदन

गतिविधि:	सूचकको विवरण (यो ठूला कार्यक्रम लक्ष्य र दृष्टिकोणसँग कसरी सम्बन्धित छ भन्ने सहित)	लक्ष्य	मापन योजना
उपभोक्ता समितिको सञ्चालन तथा मर्मतसम्भार कार्ययोजना अध्यावधि	अद्यावधिक सञ्चालन र मर्मत कार्य योजना भएका उपभोक्ता समितिको संख्या जसले तिनीहरूलाई प्रभावकारी सञ्चालन र मर्मतसम्भार र तिनीहरूको योजनाहरूको राम्रो सुचारुपनाको लागि मार्गदर्शन गर्नेछ ।	२०	त्रैमासिक प्रतिवेदन
ग्रामिण मर्मतसम्भार कार्यकर्ता (VMW) तालिम - ७ दिन	नगरपालिकामा खानेपानी योजनाहरूमा मर्मत कार्यकर्ताहरूको खाली ठाउँ भर्ने मर्मत कार्यकर्ताहरू विकास गरिनेछ ।	१	त्रैमासिक प्रतिवेदन
नगरपालिकाहरू, प्रदेश स्तरका सरोकारवालाहरू/खा.स.स्व. सम्बन्धी परियोजनाहरू बीच सिकाई साझेदारी कार्यशाला	आयोजनाको अनुभव र सिकाइलाई सरोकारवालाहरुसँग साझा गर्ने कार्यशाला, जसले अन्य क्षेत्रहरूमा परियोजनाको सफल दृष्टिकोण र प्रविधिहरूको प्रकृतिलाई विस्तार गर्न सहयोग गर्नेछ ।	१	वार्षिक प्रतिवेदन

३. परियोजना कार्यान्वयन

यस परियोजनाको स्वामित्व र नेतृत्व नगरपालिकाले नै गर्नेछ । नगरपालिकाले परियोजना अन्तरगत संचालन हुने सबै गतिविधिहरू कार्यान्वयन गर्नेछ र त्यसका लागि सह-लगानी समेत प्रदान गर्नेछ । हेल्भेटास नेपालले आर्थिक र प्राविधिक सहयोग गर्नेछ भने स्थानीय गैरसरकारी संस्थाले कार्यान्वयन प्रक्रियामा सामाजिक र प्राविधिक सहजीकरण गर्नेछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार आफ्ना सबै बासिन्दालाई खा.स.स्व. सुविधा उपलब्ध गराउने जिम्मेवारी नगरपालिकाको रहन्छ । खा.स.स्व. सुविधा उपलब्ध गराउने जिम्मेवारी भित्र नगरपालिकाले खा.स.स्व. सेवाहरूको योजना निर्माण, कार्यान्वयन, सञ्चालन र मर्मतसम्भार समावेश हुन्छ । यस परियोजनाले सुचारुपना र मर्मतसम्भारको लागि परियोजनाले खा.स.स्व. प्रणाली सुदृढ गरिनेछ दृष्टिकोणलाई पछ्याउनेछ र साथै नगरपालिकालाई यसको सबै पहलहरूको केन्द्रमा राख्नेछ ।

हेल्भेटास नेपालले N-WASH प्लेटफर्ममा अधारित अनलाइन ड्यासबोर्ड, उजुरी संयन्त्र, र अन्य IT संवर्द्धनहरू विकास गर्न सहयोग गर्नेछ । जसका लागि प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत योग्य फर्म तथा सेवा प्रदायकलाई नियुक्त गरिनेछ । नगरपालिकाहरूमा N-WASH प्लेटफर्ममा अधारित अनलाइन ड्यासबोर्ड तयार गर्न N-WASH टोलीसँग काम गरिनेछ र आवश्यकता अनुसार नगरपालिकाको ड्यासबोर्डलाई N-WASH प्रणालीमा लिङ्क गर्नको प्रयास गरिनेछ ।

परियोजना कार्यान्वयन चरण

परियोजना कार्यान्वयनको पहिलो चरणमा नगरपालिका र साझेदार संस्थाबीच सम्झौता गरिनेछ । सम्झौताले नगरपालिका, हेल्भेटास, साझेदार संस्था र अन्य सरोकारवालाको भूमिका स्पष्ट रूपमा निर्दिष्ट गर्नेछ । सम्झौतापछि निर्वाचित जनप्रतिनिधि, तिनका सम्बन्धित कर्मचारी र साझेदार संस्थाका प्रतिनिधि तथा कर्मचारीलाई आयोजनाको अवधारणा, रणनीति र कार्यशैली बारे अभिमुखीकरण गरिनेछ ।

परियोजनाको कार्यान्वयनको मुख्य चरण भनेको आवश्यक कानुनी ढाँचाको तयारी हो, जस अन्तरगत परियोजना कार्यान्वयनका लागि अवश्ययक ऐन, नियम, नीतिहरू निर्माण र खा.स.स्व. इकाईको स्थापना, सुचारुपना ड्यासबोर्ड र खानेपानी आपूर्ति प्रणाली पूर्ण रूपमा सुचारु राख्नका लागि मर्मतसम्भार तथा गुनासो सम्बोधन संयन्त्र स्थापना गर्नु हो । त्यसपछि नगरपालिका र साझेदार गैरसरकारी संस्थाहरूमा सम्बन्धित कर्मचारीहरूलाई कानुनी ढाँचालाई व्यवहारमा ल्याउन र पूर्वाधारहरूको उपयोग गर्न सक्षम बनाइनेछ ।

आवश्यक भौतिक पूर्वाधार र तालिमप्राप्त जनशक्तिको साथमा परियोजनाले खानेपानी योजनाको प्रभावकारी सञ्चालन, मर्मतसम्भार र नियमित संचालनका सन्दर्भमा वास्तविक सेवाहरू प्रदान गर्न थाल्नेछ । सेवा वितरण सुचारुपना स्थिति ट्र्याक गर्न र उपभोक्ताहरूको गुनासोहरूको सम्बोधन गर्नमा केन्द्रित हुनेछ ।

अनुगमन र सिकाइ परियोजना कार्यान्वयनको अभिन्न अंग हो । परियोजनाको प्रगति र परिणामहरू नियमित रूपमा अनुगमन गरिनेछ र सिकेका पाठहरूको आधारमा कार्यान्वयन दृष्टिकोण, रणनीति र कार्य मोडालिटीमा आवश्यक समायोजन गरिनेछ ।

यस परियोजनाको कार्यान्वयनको माध्यमबाट निम्न अवधारणाहरूलाई साकार पार्न मद्दत पुग्नेछ ।

३.१ समग्र सेवा व्यवस्थापन: नीति र योजना

यो परियोजना कार्यान्वयनका नगरपालिकाले आफ्ना स्थानीय विकासका पहलहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न विभिन्न कानुनी दस्तावेज तयार गर्ने छ । नगरपालिकाले खा.स.स्व. ऐन कार्यान्वयनमा छ । यद्यपि, अझै पनि खा.स.स्व. क्षेत्रसँग सम्बन्धित ऐन, नीति, योजना र कार्यविधि तर्जुमा गर्नु पर्ने देखिन्छ । यी कानुनी उपकरणहरुले दिगो खा.स.स्व. सेवाहरूको लागि योगदान गर्नेछ । परियोजनाको सहयोगले नगरपालिकालाई निम्न पक्षहरूलाई ध्यानमा राखी आवश्यक नीति, योजना र कार्यविधि बनाउन सहजता हुनेछ :

- सुचारुपना र मर्मतसम्भारको लागि समर्पित खा.स.स्व. इकाईको स्थापना र सञ्चालन
- योजनाको सुचारुपना र मर्मत सम्भार कृयाकलापहरुको लागि मर्मत कोषको स्थापना र परिचालन
- राम्रो सुचारुपना कायम राख्ने र नियमसंगत सञ्चालन हुने उपभोक्ता समितिलाई पुरुस्कृत गर्ने संयन्त्रको स्थापना
- कार्यसम्पादनको आधारमा मर्मत सेवा प्रदायकलाई न्यूनतम सेवा शुल्क र थप प्रोत्साहन दिने प्रावधान
- नगरपालिका, परियोजना र अन्य सरोकारवालाहरूद्वारा मर्मत सम्भार गर्न कोषमा योगदान । नगरपालिकाको योगदान रकमको अनुपात क्रमशः बढ्दै जानेछ ।
- यस परियोजनाले नगरपालिकाहरूलाई प्रस्तावित गतिविधिहरू सञ्चालन गर्न खा.स.स्व. इकाईलाई सक्षम बनाउन सहयोग गर्नेछ ।

खा.स.स्व. इकाई नगरपालिकाको विद्यमान संगठन संरचनाको पूर्वाधार शाखा अन्तर्गतको एउटा इकाई हो । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो आवश्यकता अनुसार विषयगत इकाईहरू (जस्तै कृषि, शिक्षा, स्वास्थ्य, खा.स.स्व. आदि) स्थापना गर्ने अधिकार दिएको छ । यो इकाई नगरपालिकाका कर्मचारीहरूद्वारा सञ्चालित हुन्छ र नगरपालिकाको शाखा प्रमुख (जस्तै खा.स.स्व. इकाईका लागि पूर्वाधार शाखा प्रमुख) द्वारा निरीक्षण गरिन्छ । शाखाको बजेट नगरपालिकाको वार्षिक बजेट र कार्यक्रममा समावेश गरिएको हुन्छ । यस परियोजनाले नगरपालिकाहरूमा खा.स.स्व. सेवाहरुको योजना बनाउने, कार्यान्वयन, सञ्चालन र मर्मतसम्भारका लागि जिम्मेवार हुने खा.स.स्व. इकाई स्थापना र सञ्चालनमा सहयोग गर्नेछ ।

योजनाको मर्मत लागतमा वाह्य सरोकारवालाहरुको योगदान क्रमशः घट्दै जानेछ भने नगरपालिकाको योगदान क्रमशः बढ्दै जानेछ । उदाहरणका लागि, वाह्य सरोकारवालाहरुको पहिलो बर्षमा ७०%, दोस्रो वर्षमा ६०% र तेस्रो वर्ष ५०% । नगरपालिकाले कर, महसुल र स्थानान्तरण जस्ता स्रोतबाट कोषको व्यवस्थापन गरिनेछ ।

३.२ मानवीय श्रोत तथा व्यवस्थापन

यस परियोजनाका अपेक्षित प्रतिफल हाँसिल शाखा प्रमुख-खा.स.स्व. इकाई, सुचारुपना तथा मर्मत संयोजक एक जना र प्राविधक एकजना मानवीय श्रोत प्रस्ताव गरिएकोछ ।

- परियोजनाका लागि आवश्यक कर्मचारीहरु मध्ये शाखा प्रमुख-खा.स.स्व. इकाईको पारिश्रमिक नगरपालिकाको आन्तरिक कोषबाट व्यवस्थापन गर्नु पर्नेछ भने प्राविधिक कर्मचारीको पारिश्रमिक सरोकारवालाहरुले परियोजनाका लागि प्रदान गरिएको अनुदानबाट व्यवस्थापन गर्नु पर्नेछ । सुचारुपना तथा मर्मत संयोजक एक जना र प्राविधक एकजना कर्मचारीको पारिश्रमिक पहिलो वर्ष १०० प्रतिशत सरोकारवालाहरुले परियोजनाका लागि प्रदान गरिएको अनुदान कोष अन्तरगत प्राप्त अनुदान रकमबाट ब्यहोरिने छ ।
- यस परियोजनामा संलग्न कर्मचारीहरु खा.स.स्व. इकाई/नगरपालिका प्रति जवाफदेही हुनेछन् भने हेल्भेटास नेपालसंग समन्वयमा परियोजनासंग सम्वन्धित कृयाकलापहरु संचालन गर्न स्थानीय साझेदार संस्थाले परिचालन गर्नेछ ।
- यस परियोजनामा संलग्न कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधाहरु स्थानिय साझेदार संस्था वा नगरपालिकाको नियम अनुसार हुनेछ ।

परियोजना परिकल्पना अनुसार यसमा कम्तिमा निम्न कर्मचारीहरू हुनुपर्छ:

- खा.स.स्व. इकाईको लागि इकाई प्रमुख
- सुचारुपना र मर्मतसम्भार संयोजक
- सुचारुपना र मर्मतसम्भार प्राविधिक (मर्मत सेवा प्रदायकहरू)

परियोजनाको प्रारम्भिक वर्षहरूमा खा.स.स्व. इकाई न्यूनतम संरचनामा सञ्चालन हुनेछन् । परियोजना अवधिमा कर्मचारी संरचना तिनीहरूसँग हुने कामको मात्राको आधारमा विकसित हुनेछ ।

पद	संख्या/ नगरपालिका	मुख्य भूमिका/जिम्मेबारी
लेखबेसीमा खा.स.स्व. इकाईका प्रमुख	१	- सुचारुपनामा केन्द्रित खा.स.स्व. सेवा व्यवस्थापनको समग्र योजना निर्माण, कार्यान्वयन र अनुगमन - खानेपानी सेवा अनुगमनको लागि प्राविधिक ब्याकस्टपिङ प्रदान गर्ने - खा.स.स्व. इकाईमा रहेका अन्य कर्मचारीहरूको निरीक्षण गर्ने - आवधिक सुचारुपना प्रतिवेदन तयार गर्ने
सुचारुपना र मर्मतसम्भार संयोजक	१	- सुचारुपना डाटाबेस सञ्चालन गर्ने (ड्यासबोर्ड, उजुरी प्रणाली) - N-WASH सूची अद्यावधिक गर्ने - खानेपानी आपूर्ति प्रणालीहरूमा सेन्सर/स्मार्ट मिटरहरू स्थापना र सञ्चालन गर्ने - उजुरी र प्रतिक्रिया संयन्त्र प्रयोग गर्न उपभोक्ता समितिहरुको क्षमता विकास तालिम प्रदान गर्ने । - मर्मत सेवा प्रदायकहरूको निरीक्षण गर्ने

सुचारुपना र मर्मतसम्भार प्राविधिक (मर्मत सेवा प्रदायकहरू)	१	- योजना स्तरमा अनुगमन भ्रमणहरू गर्ने र परियोजनाद्वारा सुचारुपना सम्बन्धी पहलहरूमा उपभोक्ता समितिहरुको सक्रियता सिर्जना गर्ने - योजना/धाराहरुको तथ्याङ्क अध्यावधि गर्ने - साना मर्मत कार्यका लागि मर्मत कार्यकर्तालाइ सहयोग गर्ने - योजनाहरको मर्मत कार्य गर्ने गराउने

परियोजना बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतमा परियोजना ब्यवस्थापन समिति रहने छ। परियोजना ब्यवस्थापन समितिमा नगर प्रमुख र उपप्रमुख सल्लाहकार सदस्यको रुपमा रहने ब्यवस्था गरिएको छ। त्यसैगरि परियोजना ब्यवस्थापन समितिको सदस्यहरुमा योजना शाखा प्रमुख/प्रतिनिधि, लेखा शाखा प्रमुख/प्रतिनिधि, हेल्भेटास नेपालका प्रतिनिधि र स्थानिय साझेदार गैर सरकारी संस्थाका प्रतिनिधि रहनेछन्। परियोजना ब्यवस्थापन समितिको सदस्य सचिवको भूमिकामा खा.स.स्व. ईकाइ प्रमुख रहने छन्।

समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ। समितिको बैठकमा सल्लाहकार सदस्यहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ। बैठकमा आवश्यकता अनुसार नगरपालिकाका वा खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

३.३ सुचारुपना र मर्मत कोष

नगरपालिकाले प्रत्येक वर्ष सुचारुपना र मर्मतसम्भार बजेट विनियोजन गर्नेछ। विद्यमान नीतिगत व्यवस्थाअनुसार नयाँ निर्माणको अनुमानित रकमको कम्तीमा २ प्रतिशत मर्मत सम्भार बजेटमा हुनेछ। नगरपालिकामा रहेको खा.स.स्व. इकाई नगरपालिकाको हालको वित्तीय व्यवस्थापन प्रणाली/संरचना अन्तर्गत सञ्चालन हुनेछ। यसले सुचारुपना र मर्मतसम्भारको लागि समर्पित कोष (र उप-खाता) सिर्जना नगरेसम्म, सरोकारवालाहरुले परियोजनाका लागि प्रदान गरिएको अनुदान नगरपालिकाको बजेटबाट क्रमिक रूपमा बढ्दो सह-कोष सुरक्षित गर्दै कोषको प्रत्यक्ष व्यवस्थापन गर्नेछ। स्थानीय साझेदार मार्फत परियोजनाबाट दुईजना कर्मचारी (सुचारुपना र मर्मत सम्भार संयोजक र प्राविधिक) खा.स.स्व. इकाईमा खटाइनेछ भने स्वीकृत लागत अनुमानको आधारमा संचालन र मर्मतसम्भार लागत प्रत्यक्ष रूपमा सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ।

लाभान्वित घरधुरी, योजनाको आकार र उपभोक्ता समितिको क्षमताले प्रमुख र साना मर्मत सम्भार र सञ्चालनलाई प्रभाव पार्छ। यसबाहेक उपभोक्ता समितिको व्यवस्थापन र गतिविधिहरूले पानी शुल्क, संचालन तथा मर्मत कोष र पानी जडान शुल्कको लागि कति रकम उठाउँछ भन्ने निर्धारण गर्दछ। धेरै घरपरिवारहरू समावेश गर्ने ठूला योजनाहरूको उपभोक्ता समितिहरूसँग सामान्यतया बढी पैसा हुन्छ र त्यो बढी खर्च गर्न सक्षम हुन्छ। विशेष गरी उपभोक्ता समितिहरूको दायरा र लागतको सन्दर्भमा कोषको वितरणको लागि कोष लगानीको मापदण्डहरू विकास गर्न नगरपालिकाहरूलाई परियोजनाद्वारा सहजिकरण गरिनेछ। नगरपालिकाको सुचारुपना र मर्मत कोष व्यवस्थापनका लागि कार्यविधि तयार गर्न सरोकारवालाहरुको सहयोगको अपेक्षा गरिएको छ, जसले निर्णय लिने, योजनाहरूको छनौट, कार्यान्वयन र आन्तरिक नियन्त्रण संयन्त्र लगायत कोषको व्यवस्थापनका लागि प्रक्रिया र कार्यविधि तय गर्नेछ।

३.४ पुरस्कार संयन्त्र:

नगरपालिकामा विद्यमान खानेपानी योजनाहरु मध्ये उत्कृष्ट सुचारुपना प्रदर्शन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्न एक पुरस्कार संयन्त्र स्थापना गरिनेछ। नगरपालिकाले पुरस्कारका लागि मापदण्डसहित निर्देशिका तयार गर्नेछ र यो

संयन्त्रलाई खा.स.स्व. इकाईले व्यवस्थापन गर्नेछ । ***उपभोक्ता समितिलाई पुरस्कृत गर्ने नमूना मापडण्ड अनुसूची-२ मा संलग्न गरिएको छ ।*** पुरुस्कृत गर्ने मापडण्ड मध्ये सम्बन्धित योजनाहरूको सुचारुपना स्थिति एक प्रमुख मापदण्ड हुनेछ । पुरस्कृत गरिने योजनाको सुचारुपना दर >९०% हुने अपेक्षा गरिएको छ । पहिलो चरणको लागि नगरपालिकामा उत्कृष्ट सुचारुपना प्रदर्शन गर्ने तीनवटा उपभोक्ता समितिहरुलाई, पहिलो, दोस्रो र तेस्रो गरि कुल ५०,००० पुरस्कारको व्यवस्था गरिनेछ । उपभोक्ता समितिले पुरस्कारको रकम आफ्नो खानेपानी योजना स्तरवृद्धि गर्न वा क्लोरिनेशनका लागि ब्लिचिङ पाउडर, स्पेयर पार्ट्स, औजार जस्ता आवश्यक सामग्रीहरूका लागि लगानी गर्न सक्नेछन् । यसमा इच्छुक उपभोक्ता समितिहरुबाट पुरस्कारका लागि आवेदनहरू आह्वान गरिनेछ र छनौटका लागि नगरपालिकाका प्रतिनिधिहरू, खा.स.स्व. इकाई प्रतिनिधि, परियोजना कर्मचारीहरु (सुचारुपना र मर्मत सम्भार संयोजक) सम्मिलित समावेशी र लैङ्गिक सन्तुलित स्वतन्त्र मूल्याङ्कन समिति गठन गरिनेछ । पूर्व-परिभाषित मापदण्डको आधारमा तीन उत्कृष्ट प्रदर्शनकर्ताहरू छनोट गर्न गरिनेछ । यो पुरस्कार सार्वजनिक सुनुवाइ कार्यक्रमहरूमा घोषणा गरिनेछ र उपभोक्ता समितिहरुलाई राम्रो कार्यसम्पादन र तिनीहरूको खानेपानी योजनाहरूको सुचारुपना कायम राख्न प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । विगतको अनुभवको आधारमा, यस्तो पुरस्कार संयन्त्रले उपभोक्ता समितिलाई अझ राम्रो प्रदर्शन गर्न र तिनीहरूको खानेपानी योजनाहरूलाई सुचारु राख्न प्रोत्साहित गर्नेछ । प्रस्तावित प्रोत्साहन भनेको कडा परिश्रम, लगनशीलता, स्वामित्वको भावना र उपभोक्ता समितिहरुको सक्रियतालाई स्वीकार गर्ने प्रयास मात्र हो । यो तिनीहरूको योजनाहरू व्यवस्थित गर्न तिनीहरूको नियमित खर्चको क्षतिपूर्तिको लागि होइन ।

३.५ सेवा निगरानी

प्रविधिको लाभ: डिजिटल प्रविधिलाई सुचारुपना स्थिति पत्ता लगाउनुका साथै खा.स.स्व. सुविधाहरूको प्रभावकारी र समयमै संचालन र मर्मतसम्भार कार्यका लागि प्रतिक्रिया गर्न र योजना बनउन प्रयोग गरिनेछ । जसका लागि एक अनलाइन ड्यासबोर्ड विकास गरिनेछ र योजनाहरूको सुचारुपना स्थिति निगरानी गर्न प्रयोग गरिनेछ । सुचारुपना सम्बन्धित डाटा र जानकारी ड्यासबोर्डमा फिड गरिनेछ । सुचारुपना स्थितिमा स्वचालित रिपोर्टिङका लागि केही योजनाहरूमा पाइलटको रूपमा RVTs, मुख्य वितरण लाईन, FRC वा अन्तिम ट्यापहरूमा सेन्सर/स्मार्ट मिटरहरू स्थापना गरिनेछ ।

३.६ अनलाइन उजुरी संयन्त्र

योजनाको सुचारुपना अभिवृद्धिका लागि नगरपालिकाको आफ्नै सुचारुपना सम्बन्धी एक प्रभावकारी उजुरी गुनासो सुनुवाई संयन्त्र हुनेछ । उजुरी संयन्त्रले टेलिफोन कल/एसएमएस वा मोबाइल एप्स मार्फत दर्ता भएका गुनासोहरुलाई समावेश गर्नेछ । उपभोक्ताहरूले आफ्नो गुनासो टेलिफोन कल/एसएमएस वा मोबाइल एप्स मार्फत रिपोर्ट गर्न सक्नेछन् । यी सबै गुनासोहरू खा.स.स्व. इकाईको ड्यासबोर्डमा समेत दर्ता भएको देखिने हुनेछन्, जुन सेवा प्रदायकहरूको लागि पनि पहुँचयोग्य हुनेछ । आईटी विशेषज्ञको सहयोगमा उपयुक्त अनलाइन उजुरी संयन्त्रको विकास गरिनेछ । उपभोक्ता समितिहरुका प्रमुख सदस्यहरू, खा.स.स्व. इकाईहरू, नगरपालिकाका प्रमुख पदाधिकारीहरु र परियोजनाका लागि संलग्न कर्मचारीहरू जस्ता सम्बन्धित सरोकारवालाहरूका लागि उजुरी लाइनको प्रत्यक्ष अभिलेख उपलब्ध हुनेछ । उनीहरूले सम्बोधन गर्ने गुनासोहरूको संख्याको आधारमा खा.स.स्व. कर्मचारीहरूलाई प्रोत्साहन गर्न प्रणाली विकास गरिनेछ । यसबाहेक, उपभोक्ताहरूले सीधै खा.स.स्व. इकाईमा गुनासो गर्न सक्ने संयन्त्र पनि हुनेछ । खा.स.स्व. इकाईले अग्रपंक्तिमा कार्यरत कर्मचारीहरूको कामको सुपरिवेक्षण गर्नेछ र सेवा प्रवाहको स्थितिको अनुगमन गर्नेछ । प्रत्येक वर्ष सार्वजनिक लेखापरीक्षण पनि हुनेछ जसमा उजुरी संयन्त्रको कार्यप्रणाली र अग्रपंक्तिमा रहेका कर्मचारी लगायत यसमा संलग्न सबैको कामको पनि समीक्षा गरिनेछ ।

४. सञ्चालन र मर्मत सम्भार

४.१ प्रतिक्रिया संयन्त्र र अनलाइन रिपोर्टिङ:

प्रतिक्रिया संयन्त्र र अनलाइन रिपोर्टिङ संयन्त्रको लागि निम्न विधिको परिकल्पना गरिएको छ:

- उपभोक्ता समिति र प्रयोगकर्ताहरूबाट आएका गुनासोहरूको जवाफ दिनको लागि मुख्य रूपमा नगरपालिकाको खा.स.स्व. इकाई जिम्मेवार हुनेछ । यसले सुधारात्मक कार्यहरू लिन VMW, सेवा प्रदायकहरू, उपभोक्ता समिति वा सान्दर्भिक जो कोहीलाई परिचालन गर्न सक्नेछ ।
- सेवा प्रदायकसँग दर्ता गरिएका उजुरीहरूमा पहुँच हुनेछ र तुरुन्त सुधारात्मक कार्यहरू लिनेछन् । यदि सुधारात्मक कार्यहरू तिनीहरूको क्षमता भन्दा बाहिर छन् भने, तिनीहरूले उपभोक्ता समिति र नगरपालिकामा खानेपानी ब्यवस्थापन बोर्ड/इकाईलाई सूचित गर्नेछन् ।
- खानेपानी ब्यवस्थापन बोर्ड/इकाईले स्थितिको अनुगमन गर्नेछ र उपभोक्ता समितिसँग समन्वय गरी संचालन र मर्मतका लागि पहल गर्नेछ । प्रतिक्रिया वा सुधारात्मक कार्यहरू तुरुन्तै अनलाइन रिपोर्ट गरिने छ ।
- खानेपानी ब्यवस्थापन बोर्ड/इकाईले उजुरी संयन्त्रको कामको अनुगमन गर्नेछ र तुरुन्त वा सम्भव भएसम्म सुधारात्मक कार्यहरू लिइएको सुनिश्चित गरिनेछ ।
- खानेपानी ब्यवस्थापन बोर्ड/इकाईले ठूलो मर्मतसम्भारको अवस्थामा छिट्टै कोषबाट सहयोग गर्ने प्रावधान पनि हुनेछ ।
- खा.स.स्व. इकाई पूर्ण रूपमा कार्यान्वित नभएसम्म हेल्भेटास वा साझेदार संस्थाले गुनासो र प्रतिक्रिया संयन्त्र सञ्चालन र अनुगमन गर्न नगरपालिकालाई सहयोग गर्नेछन् ।



सुचारुपना सम्बन्धी गुनासो प्रतिक्रिया नयाँ अवधारणाहरू भए पनि, कानुनी ढाँचा, मानव संसाधन र सफल प्रणाली सञ्चालन गर्न आवश्यक पर्ने उपयुक्त प्रविधि जस्ता महत्त्वपूर्ण तत्वहरूलाई ध्यानमा राखेर अवधारणाहरू

सावधानीपूर्वक निर्माण गरिएको हुनाले यसले प्रभावकारी रूपमा काम गर्नेछ । यी अवधारणाहरूले दृढतापूर्वक नगरपालिकाहरूमा क्षमताको अन्तरलाई पुरा गर्न र खा.स.स्व. योजनाहरूको सुचारुपना कायम राख्न कार्यात्मक संयन्त्र कायम राख्न योगदान गर्नेछ । परियोजनाको सहजिकरणमा नगरपालिका भित्र खा.स.स्व. सुविधाको संचालन र मर्मत प्रणाली स्थापना भई संविधानद्धारा प्रदत्त नागरिकहरुको सुरक्षित पिउने पानी र सरसफाइ सेवाको उपलब्ध सम्बन्धी अधिकार प्राप्तीलाई सहयोग गरिनेछ ।

४.२ खानेपानी योजनालाई सुचारु बनाउन साना मर्मतका साथै क्षमता निर्माण

साना मर्मत भन्नाले धाराको टुटी परिवर्तन, फिटिङ्स परिवर्तन, पाइपलाइनको चुहावटको मर्मत, पाइपलाइनको अवरोध हटाउने जस्ता खानेपानी आपूर्ति प्रणालीमा गर्नुपर्ने साना सुधारहरुलाई जनाउँछ । अर्को शब्दमा भन्नुपर्दा खानेपानी प्रणालीलाई सुचारु बनाउन समुदाय /खानेपानी उपभोक्ता तथा सरसफाइ समिति आफैंले व्यवस्थापन गर्न सक्ने स-सानो मर्मत कार्यलाई जनाउँछ । सुरक्षित खानेपानी प्रणालीलाई सुचारु बनाउन विभिन्न क्षेत्रहरूमा क्षमताको अन्तर हुनसक्छ र क्षमता अभिवृद्धिले पनि केही अवस्थामा खानेपानी योजनालाई सुचारु बनाउन मद्दत गर्दछ ।
खानेपानी आपूर्ति प्रणालीलाई सुचारु बनाउन फरक विकल्पहरू अवलम्बन गर्न सकिन्छ:

- खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको सक्रियता र सुधार गर्नको लागी तालिम तथा अन्य सफ्टवेयरसँग सम्बन्धित गतिविधिहरूमा सहयोग गर्ने; खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको क्षमता निर्माण गर्ने; ग्रामिण मर्मत सम्भार कार्यकर्तालाई पुर्नताजकिय तालिम दिने; मर्मतसम्भारको लागि उपलब्ध स्रोतहरू (मानव/पूँजी) को प्रभावकारी परिचालन गर्ने, पानी महसुल सङ्कलन संयन्त्रलाई निरन्तरता दिने; डिजाइन आंकलनमा प्राविधिक सहयोग गर्ने; निर्माण सम्बन्धी सीप/विचारहरु सम्प्रेषण गर्ने; संचालन र मर्मतसम्भारको लागि सहयोगी संयन्त्र स्थापना गर्ने तथा खानेपानीको गुणस्तरलाई ध्यान दिने ।
- खानेपानी उपभोक्ता तथा सरसफाइ समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने र खानेपानी प्रणालीको मर्मत र पुर्नस्थापनामा आर्थिक सहयोग गर्न खा.स.स्व. इकाई सँग समन्वय गर्ने ।
- माथि उल्लेखित दुवै बर्गीकरणमा सफ्टवेयर र हार्डवेयरका गतिविधिहरु सन्चालनमा सहयोग गर्ने ।
- खानेपानी योजनाहरूमा समुदायको न्यूनतम २०% योगदानको अतिरिक्त आवश्यकतानुसार नगरपालिकाहरूको समपुरक कोषबाट समेत योगदान गरिनेछ ।

योजना सन्चालनका मुख्य कार्यान्वियनका सिद्धान्तहरु निम्नानुसार छन्:

- नगरपालिकाहरूले आफ्नो वार्षिक बजेटमा सबै खा.स.स्व. सेवा सम्बन्धी गतिविधिहरुको योजनाका साथै बजेट तर्जुमा गर्नेछ र उपभोक्ता समितिहरुमा नगरपालिकाको सहलगानीको रकम प्रवाहको व्यवस्थापन गरिनेछ ।
- नगरपालिका खा.स.स्व. इकाई कर्मचारी (सेवा प्रदायक) को सहयोगमा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिद्वारा पूर्वाधारका कार्यहरू कार्यान्वयन गरिनेछ । खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको खातामा रकम पठाइनेछ र तिनीहरू मार्फत नै गैर-स्थानीय निर्माण सामग्री र उपकरणहरुको खरिद, स्थानीय सामग्री सङ्कलन, निर्माण गतिविधिहरुको सुपरिवेक्षण आदि कार्यहरु गरिनेछ ।
- नगरपालिका खा.स.स्व. इकाईका कर्मचारी (सेवा प्रदायक) ले खानेपानी उपभोक्ता तथा सरसफाइ समितिलाई प्राविधिक सर्वेक्षण, डिजाइन, निर्माण सुपरिवेक्षण वा काम र गुणस्तर नियन्त्रण जस्ता कार्यहरुमा सहयोग गर्नेछ ।
- खानेपानी योजना निर्माणका गतिविधिहरुमा महिला, अत्यन्तै गरिब, दलित, जनजाति र अन्य विपन्न समूहलाई न्यूनतम पारिश्रमिक उपलब्ध हुनेगरी प्राथमिकता दिइनेछ ।

४.३ मुख्य मर्मत र सुविधाको स्तरवृद्धिका लागि पुर्नस्थापना/पुर्ननिर्माण

मुख्य मर्मत सहितको पुर्नस्थापना/पुर्ननिर्माण र सुविधाको स्तरोन्नति गर्नु पर्ने खानेपानी योजनाहरु भन्नाले खानेपानी आपूर्ति प्रणालीलाई समुदाय आफैले सुचारु वा क्रियाशील बनाउन नसक्ने खालका योजना पर्दछन् र क्रियाशील बनाउनका लागि बाह्य सहयोगको आवश्यकता पर्दछ। यस प्रकारका खानेपानीको सुविधाहरूले सरकारको सेवा स्तरको मापदण्ड अनुरूप सेवा स्तर सुधार गर्न र खास गरी पर्याप्त मात्रामा सुरक्षित खानेपानी आपूर्तिमा पहुँच भएका मानिसहरुको संख्या वृद्धि गर्न मद्दत गर्नेछ।

खानेपानी आपूर्ति प्रणालीको मुख्य मर्मत र स्तरोन्नति सहितको पुर्नस्थापना/पुर्ननिर्माणका लागि मापदण्डः

- पहिले नै डिजाइन अवधि (अर्थात् १५-२० वर्ष) नाघिसकेका, हाल काम नगरेका वा आंशिक रूपमा मात्र काम गर्ने खानेपानी आपूर्ति प्रणालीहरू
- आधारभूत स्तरको खानेपानी सुविधाका लागि न्यूनतम १० वर्षदेखि संचालित खानेपानी आपूर्ति प्रणाली; संरचना बिग्रे-भत्केर पानीको गुणस्तरमा कमि/प्राविधिक समस्याहरू (जस्तै इन्टेक, कलेक्सन च्याम्बर, पानी टंकी, ब्रेक प्रेसर टंकी, क्रसिङ फुट्ने, पाइप फुट्ने) कारणले खानेपानी प्रणालीले काम नगरेको वा आंशिक रुपमा काम गरेको;
- प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त भएका खानेपानी आपूर्ति प्रणालीहरू र उच्च लागतका कारण समुदायद्वारा मर्मत गर्न नसकिएका खानेपानी आपूर्ति प्रणालीहरू
- अधिक जनसंख्यालाई सुविधा दिन वितरण विस्तार गर्नुपर्ने खानेपानी आपूर्ति प्रणालीहरु
- आधारभूतबाट मध्यम स्तरको खानेपानीको सुविधामा स्तरोन्नति गर्न आवश्यक भएका खानेपानी आपूर्ति प्रणालीहरु

४.४ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको दिगोपना

खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको क्षमता विकास र सशक्तिकरण गरेर खानेपानी योजनाको दिगोपना र सुचारुपना सुनिश्चित गर्न निम्न मुख्य पक्ष/आयामहरुलाई ध्यानमा राख्नु पर्छ।



वित्तीय दिगोपनाः नगरपालिकाद्वारा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई उनिहरुले योजना संचालन र मर्मत सम्भारको लागत उपभोक्ताहरुबाट उठाउन उपभोक्ताहरुको शुल्क सङ्कलन गर्ने संयन्त्र स्थापना गर्न र पालना गर्न साथै पुनः लगानी सुनिश्चित गर्न र पुराना संरचनाहरु र बिग्रेका, नचलेका संरचनाहरूको प्रतिस्थापन सुनिश्चित गर्न संयन्त्रहरु बनाउन सहयोग गरिनेछ। समितिहरुको पूँजी विस्तार गर्न र संचालन र मर्मत सम्भार कोषको अवमूल्यनबाट बच्न स्थानीय सहकारी तथा वित्तीय संस्थाहरुसँग सम्बन्ध बनाउन मद्दत गरिनेछ। खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई पारदर्शी र जवाफदेही तरिकाले खरिद योजना र सो को प्रक्रियाहरू तयार गर्न तथा लेखाको हिसाब किताबहरू राख्नको लागि पनि सहयोग गरिनेछ।

संस्थागत दिगोपना: खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको दिगोपनाका लागि परियोजनाले स्पष्ट र पारदर्शी प्रक्रिया अपनाउनेछ। योजनामा संलग्न समुदायहरुको जात/जातीय र लैङ्गिक प्रतिनिधित्व सहितको समावेशी खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको गठनबाट सुरु गरिनेछ। यसको दर्ता प्रक्रिया र समितिको विधान अनुसार वार्षिक साधारण सभा सञ्चालन गर्न सहजीकरण गरिनेछ। खानेपानी योजनाहरूको योजना तर्जुमा, अनुगमन र कार्यान्वयनको क्रममा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जोखिममा परेका समूहहरूको समावेशीकरण र सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक छ। यसबाहेक स्थानीय स्तरमा खा.स.स्व. प्रणाली, संस्था, नीति र कार्यविधिहरू कार्यशील छन् र उपभोगकर्ताहरूको मागहरू पूरा भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्नमा परियोजना केन्द्रित हुनेछ। स्थानीय सरकारहरुलाई आफ्नो खानेपानी योजनाहरू कार्यान्वयन, व्यवस्थापन र दिगो बनाउन खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई प्राविधिक तालिम र सहयोग प्रदानगर्न सक्षम बनाइनेछ।

वातावरणीय दिगोपना : वातावरणीय दिगोपना सुनिश्चित गर्न परियोजनाले सबै पूर्वाधार सम्बन्धि कार्यहरूको लागि जलवायु परिवर्तन र प्राकृतिक प्रकोप प्रतिरोधी डिजाइनहरू प्रवर्धन गर्ने र अपनाउनेमा केन्द्रित हुनेछ। ठूला प्राकृतिक प्रकोपहरू (जस्तै, भूकम्प, पहिरो र बाढी) थेग्न सक्ने डिजाइन र प्राविधिक पक्ष परिमार्जन गर्नेछ। खडेरी सहनको लागि स्रोतहरूको जल सम्बन्धि विज्ञान सावधानीपूर्वक मूल्याङ्कन गरिनेछ। जलाधार स्रोतहरूको संरक्षण गर्न उपायहरु अपनाइनेछ र योजनाहरुमा समावेश गरिनेछ। परियोजनाले जलस्रोत संरक्षणका लागि ३-आर (रिचार्ज-रिटेन्सन-रियुज) दृष्टिकोण अपनाउनेछ।

प्राविधिक दिगोपनाः यो परियोजनाले खानेपानी उपभोक्ता तथा सरसफाइ समितिद्वारा व्यवस्थित र अनुगमन गर्ने गरी प्रत्येक योजनामा ग्रामीण मर्मत सम्भार कार्यकर्ताको अनिवार्य प्रावधान समावेश गरेको छ। ग्रामीण मर्मत सम्भार कार्यकर्ता पहिचान र छनौट खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको गठन / पुनः गठन गर्ने क्रममा गरिनेछ। ग्रामीण मर्मत सम्भार कार्यकर्ताको पहिचान तथा छनौट गर्दा स्वयंसेवी भावना भएको व्यक्ति, गाउँमा बस्ने, सिक्ने मनोवृत्ति भएको र लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता कुरालाई ध्यानमा राखेर गर्नुपर्नेछ। ग्रामीण मर्मत सम्भार कार्यकर्ताहरु खानेपानी योजनाको शुरुवातदेखि डिजाइन, कार्यान्वयन र निर्माण पछिको चरणका कृयाकलापहरुमा समेत संलग्न हुनेछन्। उनीहरुले खानेपानी प्रणालीको मर्मतसम्भार र पानीको गुणस्तर परीक्षण गर्ने प्रक्रिया सम्बन्धी प्राविधिक तालिम प्राप्त गर्ने र ग्रामीण मर्मत सम्भार कार्यकर्ताहरुको लागि आवश्यक उपकरण तथा सामाग्रीहरुको ब्यबस्था पनि सुनिश्चित गरिनेछ।

त्यसैगरी खानेपानी उपभोक्ता तथा सरसफाइ समितिलाई गैर-स्थानीय सामग्रीको खरिद प्रक्रिया, सामग्रीको गुणस्तर, निर्माण सामग्री उपलब्ध हुन सक्ने तथा आवश्यकता अनुसार आपूर्ति श्रृंखला संयन्त्रलाई सहज बनाउन दक्ष

व्यक्तिहरू उपलब्ध हुन सक्ने सम्भावित बजारहरुका बारेमा जानकारी दिइनेछ। प्राविधिक दिगोपना सुनिश्चित गर्न खानेपानी योजनाहरुको निर्माणको गुणस्तरको प्राविधिक सुपरिवेक्षण र अनुगमनमा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिलाई अभिमुखीकरण तथा सहयोग गरिनेछ।

सामाजिक दिगोपनाः सामाजिक दिगोपनाका लागि परियोजना मागमा आधारित, समावेशी, समतामुलक, लैङ्गिक मैत्री, सांस्कृतिक रूपमा संवेदनशील र अधिकारमुखि पद्धतीमा केन्द्रित हुनेछ। यसका लागि परियोजनाले योजनाको तर्जुमादेखि कार्यन्वयनसम्म सबै समूह, अपाङ्गता भएका व्यक्तिहरु लगायत महिला, पिछडिएका र सीमान्तकृत समुहहरुको सहभागितालाई प्रोत्साहन तथा सुनिश्चित गर्नेछ ताकि सबै समुहहरु यस परियोजनाबाट लाभान्वित हुनेछन् र आन्तरिक तथा सामाजिक द्वन्द्व र विवाद न्यूनीकरण हुनेछ। योजना निर्माणमा न्यूनतम २०% सामुदायिक योगदानको लागि समुदायहरुलाई परियोजनाको सुरुवातदेखि नै जानकारी गराईने र संलग्न गरिनेछ।

५. अनुगमन तथा मूल्याङ्कन र सिकाई विस्तार

हेलो धारा परियोजनामा स्पष्ट परिभाषित आउटपुट, नतिजा र कार्यसम्पादन सूचकहरू, गतिविधि अनुसार बजेट र स्पष्ट समयरेखा सहितको कार्य योजना हुनेछ। तलको खण्ड ५.१ मा प्रस्तुत गरिए अनुसार, सबै सूचकहरूले परिमाणित लक्ष्यहरू राखिएका छन्। सबै सूचकहरूले प्रभावकारी अनुगमनका लागि ठोस आधार प्रदान गर्छन्। कार्य योजनाको कार्यान्वयन स्थिति र सूचकहरूको प्रगति त्रैमासिक रूपमा तोकिएको ढाँचामा साझेदार संस्थाले प्रतिवेदन गर्नेछ। कार्यक्रमगत कार्यसम्पादन, समय र बजेटका आधारमा अनुदान ट्र्याकमा छ भनी सुनिश्चित गर्न स्वीकृत कार्यान्वयन योजना र निर्धारित लक्ष्यहरूसँग प्रगति र उपलब्धिहरू तुलना गरिनेछ। कुनै विचलन भएमा तुरुन्तै सुधारात्मक पहन चालिनेछ। फिल्डबाट प्रगति डाटा KOBO र Google sheet को प्रयोग गरी सङ्कलन गरिनेछ। साथै, परियोजनाको प्रगति मूल्याङ्कन गर्न र कार्यान्वयनको क्रममा कुनै समस्या पहिचान गरी समाधान गर्न सम्बन्धित नगरपालिका र साझेदार संस्थाहरूसँग समीक्षा बैठकहरू आयोजना गरिनेछ। यी सबै अनुगमन र समीक्षाको नतिजाको आधारमा कार्यक्रमले त्रैमासिक, मध्यकालीन र सम्पन्नताको प्रतिवेदन तयार गरिनेछ।

५.१ प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs) - कार्यक्रमका नतिजाहरू

गतिविधि	अभिप्रेत नतिजाको विवरण	मापन सूचक	आधार रेखा	लक्ष्य
योजनाहरू सञ्चालन, सुचारुपना र मर्मतसम्भार	खानेपानी योजनाहरूको सञ्चालन र समयमै मर्मतसम्भार गर्न उपभोक्ता समितिहरुले तिनीहरूको आफ्नै श्रोत र/वा खा.स.स्व. इकाई मार्फत परियोजना कोष परिचालन गर्ने	पछिल्लो योजना स्तरको अन्तरक्रियामा आधारित सुचारु पानी बिन्दुहरूको प्रतिशत (प्रति वर्ष न्यूनतम एक अन्तरक्रिया हुनेछ)। यसले "सुचारुपना" को रूपमा कार्यात्मक तर मर्मतको आवश्यकता समावेश गर्दछ।	-	३८६९ पानी बिन्दु को ९०%
नगरपालिकामा खा.स.स्व. इकाईको व्यवस्थित सञ्चालन	खा.स.स्व. इकाईले उपभोक्ता समिति को प्रभावकारी रूपमा पर्यवेक्षण गर्नेछ र आवश्यक भएमा तुरुन्तै मर्मत र सम्भारका लागि पहल गर्नेछ।	रिपोर्ट गरिएको पानी बिन्दु ब्रेकडाउन मर्मत गर्न लाग्ने समय (दिनहरू)	-	३ दिन
क्षमता (तालिम / सुविधा / पुन: सक्रिय / सुधार) उपभोक्ता समितिहरु	सक्षम उपभोक्ता समितिहरुले आफ्नो कर्तव्य र जिम्मेवारीलाई अझ राम्रोसँग प्रदर्शन गर्नेछन र आफ्ना योजनाहरूलाई पूर्ण रूपमा कार्यशील राख्नेछन।	उपभोक्ता समिति को % जो नियमित रूपमा आफ्नो बैठक आयोजना गर्नेछन, प्रति वर्ष कम्तिमा चार बैठक, O&M कोष नियमित सङ्कलन र VMW भर्ती तथा सक्रिय रुपमा काम गरिरहेको	-	८०%

५.२ प्रतिवेदनः

यो परियोजनाको कार्यान्वयन प्रगती तथा विद्यमान खानेपानी योजनाको सुचारुपना अनुगमनको अवस्था झल्किने गरि अर्धवार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गरिनेछ। प्रगती प्रतिवेदन तयार गर्दा संलग्न प्रतिवेदन खाकालाई आधार मानिनेछ।

अर्धवार्षिक तथा वार्षिक रुपमा तयार गरिने प्रगति प्रतिवेदनको खाका तल उल्लेख गरिए बमोजिम हुनु पर्नेछ।

कभर पेज

विषयसुची

१. कार्यकारी सारांश:
   - परियोजनाको संक्षिप्त विवरण, मुख्य उपलब्धिहरू, चुनौतीहरू र परियोजनाको समग्र स्थितिको हाइलाइट

२. परिचय:
   - परियोजना, यसको उद्देश्य, र यसले कभर गरेको भौगोलिक क्षेत्रको संक्षिप्त परिचय
   - सुचारुपना र मर्मतसम्भारको आवश्यकतामा सन्दर्भ
   - परियोजनाको लागि सेट गरिएका विशिष्ट लक्ष्यहरू र उद्देश्यहरू रूपरेखा

३. परियोजना प्रगति:
   - परियोजना लक्ष्यहरू प्राप्त गर्नमा भएको प्रगति
   - प्रमुख माइलस्टोनहरूमा प्रगती,
   - सम्पन्न गतिविधिहरू र
   - कुनै महत्त्वपूर्ण परिणाम प्राप्त भएको

४. चुनौती र समाधान:
   - रिपोर्टिङ अवधिमा सामना गर्ने चुनौतीहरू
   - यी चुनौतीहरूलाई सम्बोधन गर्न लागू गरिएका प्रभावकारी समाधान वा रणनीतिहरू

५. सरोकारवाला संलग्नता:
   - स्थानीय समुदायहरू, सरकारी निकायहरू, र अन्य सरोकारवालाहरूसँग संलग्नता हाइलाइट
   - प्राप्त कुनै प्रतिक्रिया र सरोकारवालाको इनपुटमा आधारित कार्यहरू

६. सामुदायिक प्रभाव:
   - लक्षित समुदायहरूमा परियोजनाको सकारात्मक प्रभावहरू
   - सफलताका कथाहरू, वा गुणात्मक उपलव्धी

७. आगामी योजना:
   - अर्को रिपोर्टिङ अवधिको लागि लक्षित गतिविधिहरू र योजना रूपरेखा
   - परियोजनाको रणनीति वा लक्ष्यहरूमा कुनै परिमार्जन भए छलफलका विषय

८. निष्कर्ष:
   - प्रतिवेदनमा उल्लेखित मुख्य बुँदाहरूको संक्षेप

अनुसुचीहरु:
   - प्रतिवेदनमा प्रस्तुत जानकारी सम्बन्धी कुनै अतिरिक्त तथ्याङ्क, फोटोहरु

५.३ परियोजनामा अभ्यास गरिने पारदर्शिताका उपकरणहरू

निर्णय प्रक्रियामा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागिता	प्रगति समीक्षा र कृयाकलापहरुको योजना बनाउनको लागि व्यवस्थापन समितिको बैठक। खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको नियमित बैठक। कम्तिमा ५०% महिला र खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा कम्तीमा तीन प्रमुख पदहरू गरी सबै जात/जातीय समूहहरूको समानुपातिक प्रतिनिधित्व।

	खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको समावेशीतामा र खानेपानी उपभोक्ता तथा सरसफाइ समिति बैठकहरूमा सबै सदस्यहरुको उचित सहभागिता र निर्णय प्रक्रियामा उनीहरुको सक्रिय संलग्नतामा ध्यान दिइनेछ ।
सामुदायिक खरीद र बहीखाता	सामुदायिक खरिद र सामग्रीको गुणस्तर सम्बन्धी आवश्यक तालिम प्राप्त गरेपछि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका प्रतिनिधिहरुबाट गठन गरिएको खरिद समितिले खरिद नियमावली पालना गरी पालिकाहरूसँग समन्वय गरी योजना सम्बन्धी सामग्री खरिदमा संलग्न भई सेवाहरु प्रदान गर्नेछन् । स्वीकृत खरिद प्रक्रिया, लागत र सामग्रीको गुणस्तरमा पारदर्शिता कायम गर्न सार्वजनिक सुनुवाइ तथा बैठकहरूमा सार्वजनिक रुपमा लेखापरीक्षण र छलफल गरिनेछ ।
सार्वजनिक सुनुवाई/ सार्वजनिक समिक्षा/ सार्वजनिक लेखापरीक्षण	योजनाहरु कार्यान्वयन गर्दा चरणबद्ध प्रक्रियालाई कडाईका साथ पालना गरिनेछ । सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइहरू निम्नानुसार योजना चक्रमा ४ पटक सम्म सामूहिक बैठकमा गरिनेछ । पहिलो सार्वजनिक सुनुवाई योजनाको डिजाइन र आंकलन स्वीकृत गर्न, सबै तयारी चरणका कृयाकलापहरुको स्वीकृति, ग्रामिण मर्मतसंभार कार्यकर्ता (VMW) छनोट, खरिद समिति गठन, दर र ज्याला निर्धारण आदि गर्न । दोस्रो पटक खरिद प्रक्रिया, आय र व्यय अनुमोदन, प्रगति समीक्षा र आइपरेका समस्या समाधान गर्न तथा पहिलो किस्ताको खर्चको लेखाजोखाको लागि सार्वजनिक समिक्षा गरिन्छ । तेस्रो पटक निर्माणको आय र व्यय स्वीकृत गर्न, ग्रामिण मर्मतसंभार कार्यकर्ताको पारिश्रमिक र खानेपानीको महसुल निर्धारण गर्न, समुदायले प्राप्त गरेका योजनाका फाइदाहरूको समीक्षा गर्न र निर्माण पछिको चरणको लागि योजना तयार गर्न सार्वजनिक लेखापरिक्षण गरिन्छ । योजना निर्माण पछि सार्वजनिक लेखापरीक्षण वार्षिक साधारण सभाको रुपमा गरिन्छ जहाँ योजनाको आय व्यय स्वीकृत गरिन्छ, योजनाको सञ्चालन र मर्मतसम्भार (O&M) योजनाको समीक्षा गरिन्छ O&M कोषको लेखापरीक्षण गरिन्छ र आवश्यक नियामावलीहरु बनाइन्छ । त्यस्ता सार्वजनिक लेखापरीक्षण/सार्वजनिक सुनुवाइ/सार्वजनिक समिक्षाका कार्यक्रमहरुमा पारदर्शिता तथा सहभागिता कायम राख्न कम्तीमा ५०% महिलाको अनिवार्य सहभागिता र पिछडिएका समुदायबाट समानुपातिक सहभागिता हुनुपर्छ ।
क्षमता विकास	सचेतना अभियानहरु बाहेक, खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई वित्तीय व्यवस्थापन, कार्य सुचारुपना तथा दिगोपना, खरीद, सरसफाइ तथा स्वच्छता, व्यवहार परिवर्तन सम्बन्धी तालिम दिइने छ, जसले योजना पूरा गर्न, उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्नुका साथै उचित योजना र प्रतिबद्धताको साथ गुणस्तरीय तरिकाबाट सञ्चालन र मर्मतसम्भार (O&M) को लागि वित्तीय सम्झौता र निर्णयहरूमा पारदर्शिता कायम राख्ने छ ।

स्थलगत अनुगमन	खा.स.स्व. इकाईका कर्मचारी तथा परियोजानाका कर्मचारीहरुले योजना क्षेत्रमा गएर नियमित अन्तरालमा अनुगमन गर्नेछन् जसले गर्दा सबै तहको प्रगति नियाल्न र समयमै समस्याहरूको पूर्वानुमान गर्न सहज हुनेछ।

६. बजेट र स्रोत व्यवस्थापन

परियोजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालासंग साझेदारी र सहकार्यको रणनीति अवलम्वन गरिनेछ। परियोजना कार्यान्वयनको प्रारम्भिक चरणमा योजनाको मर्मत लागतमा वाह्य सरोकारवालाहरुको योगदान वढि अपेक्षा गरिएको छ भने, यो लागतलाई क्रमशः घटाउँदै लगिने छ। उदाहरणका लागि, वाह्य सरोकारवालाहरुको पहिलो बर्षमा ७०%, दोस्रो वर्षमा ६०% र तेस्रो वर्ष ५०%। योजनाको मर्मत कार्यमा आवश्यक लगानीका लागि नगरपालिकाको कर, महसुल र स्थानान्तरण जस्ता स्रोतबाट कोषको व्यवस्थापन गरिनेछ।

परियोजनामा संलग्न कर्मचारीको पारिश्रमिक तथा परियोजना व्यवस्थापनका लागि पनि नगरपालिकाको आफ्नै श्रोतबाट ब्यहोर्ने रणनीतिलाई अवलम्वन गरिनेछ। परियोजना संचालनको पहिलो वर्षका लागि तल तालिकामा उल्लेखित बजेट अनुमान गरिएको छ।

सि. नं.	**मुख्य शिर्षक**	**कुल बजेट**	**नगरपालिकाको लगानी**	**सरोकारवालाको सहलगानी**
१	हार्डवेयर (कर्मचारी, योजना मर्मत, सेन्सर/स्मार्ट मिटर र आधार तथा अन्तिम रेखा सर्वेक्षण)	९४,४८,०००	२४,६०,०००	६९,८८,०००
२	सफ्टवेयर (योजनाको सुचारुपना, क्षमता विकास, सुचारुपना प्रणाली विकास)	३४,४३,१७५	०	३४,४३,१७५
३	यतायात	३,३६,०००	०	३,३६,०००
४	उपभोग्य सामाग्री	६,८९,०००	०	६,८९,०००
५	कार्यालय ब्यवस्थापन तथा संचालन	६,८४,०००	३,६०,०००	३,२४,०००
	जम्मा	१,४६,००,१७५	२८,२०,०००	१,१७,८०,१७५

७. जोखिम र चुनौतीहरू

जोखिम / चुनौती	***सम्भावना*** *(उच्च, मध्यम, निम्न)*	***गम्भीरता स्तर*** *(उच्च, मध्यम, निम्न)*	***न्यूनीकरण***
अवस्थित योजनाहरू संचालन र मर्मत गर्न अनिच्छुकता; बरु नयाँ योजना लागू गर्न माग	मध्यम	मध्यम	योजनाहरू तिनीहरूको डिजाइन गरिएको अवधि सम्म संचालन हुने सुनिश्चित गर्नु नगरपालिकाको बलियो प्रतिबद्धता चाहिन्छ र विद्यमान योजनाहरूको सुचारुपना र मर्मत सम्भारमा नियमितता ल्याउन सम्भव भए नयाँ योजनाहरूको निर्माणमा कम लगानी गर्ने नीति लिने।

जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरू जस्तै बाढी र पहिरोले सुचारुपनामा बाधा पुऱ्याउँछ र आपतकालीन प्रतिक्रियाको आवश्यकता निम्त्याउँछ ।	उच्च	मध्यम	आपतकालीन अवस्थामा तत्काल परिचालन गर्न सकिने व्यवस्था सहित नगरपालिकामा मर्मत सम्भार कोष (जस्तै नयाँ निर्माण बजेटको कम्तीमा १०-१५% मर्मत कार्यमा लगानी गर्नुपर्ने) स्थापना गरिनेछ।
नगरपालिकाको योजना र च्यानल अनुसार मर्मत कार्यको लागि पैसा लगानी गर्न अन्य परियोजनाहरू/ दाताहरूको अनिच्छा वा अस्वीकार	मध्यम	मध्यम	नयाँ निर्माण र मर्मत सम्भार दुवैमा लगानीको लागि वकालत र अन्य परियोजनाहरू / दाताहरूले आफ्नो च्यानल / साझेदार संस्थाहरू मार्फत सञ्चालन गरिने संचालन र मर्मतलाई सहयोग / सह-कोषको लागि प्रावधान ।

८. संक्रमण योजना

सेवा/कार्य	मान्यताहरु
समग्र खा.स.स्व. सेवाहरू व्यवस्थापन	यो परियोजनाको सफल कार्यान्वयनको अन्त्यमा, नगरपालिकामा प्रशिक्षित जनशक्ति र खा.स.स्व. सेवाहरू व्यवस्थापन गर्न बजेट सहितको कार्यात्मक खा.स.स्व. इकाई हुनेछ । संघीय सरकारको अनुदान, नगरपालिकाको आफ्नै कर र राजस्व तथा दाताको योगदान नगरपालिका बजेटको मुख्य स्रोत हुनेछ । खा.स.स्व. इकाईले उपभोक्ता समितिलाई कोष उपलब्ध गराउनेछ वा प्रमुख मर्मतका लागि निजी क्षेत्रका सेवा प्रदायकहरूको सेवा लिने समेत पहल गरिएको हुनेछ ।
खा.स.स्व. सेवा अनुगमन	एक वर्षको अवधिमा, संघीय / प्रादेशिक सरकारको सहयोगमा खा.स.स्व. इकाईले स्थानीय खानेपानी योजनाहरूको प्रभावकारी रूपमा अनुगमन गर्नेछ, तिनीहरूको कार्यात्मक स्थितिको मूल्याङ्कन गर्नेछ र *N-WASH* सूचीको नियमित अद्यावधिक गरिनेछ ।
खानेपानी योजनाहरुको प्रभावकारी सञ्चालन तथा मर्मत सम्भार गरिनेछ	नगरपालिकाहरूले उपभोक्ता समितिको क्षमतालाई सुदृढ पार्नेछ । आवश्यक पर्ने ठाउँमा नियुक्त गरिएका सेवा प्रदायकहरूलाई परिचालन गरि योजनाहरूको सञ्चालन र साना मर्मतसम्भार लगायत आफ्नो कर्तव्यहरू कुशलतापूर्वक पूरा गर्न उपभोक्ता समितिको कार्यसम्पादनलाई नियमन गरिनेछ । उपभोक्ता समितिहरुले पानीको शुल्क र *O&M* कोष सङ्कलन गरि सामान्य मर्मतको कार्य आफैले संचालन गर्नेछन् । योजानाको ठूला मर्मत कार्यका लागि खा.स.स्व. इकाईमा भएको मर्मत कोषमा पनि उनिहरुको पहुँच हुनेछ । यसका लागि करिब दुई वर्ष लाग्नेछ । नगरपालिकाहरूले भर्ना गर्ने सेवा प्रदायकहरू मुख्यतया खानेपानी योजनाहरूको पुर्ननिर्माण, पुनर्स्थापना र मर्मतका लागि मर्मत कार्यकर्ता/प्राविधिकहरू हुन् ।
नगरपालिकामा प्रभावकारी खा.स.स्व. सेवा प्रदान गर्न सम्बन्धित	तीन वर्षको अवधिमा, नगरपालिका र खा.स.स्व. सेवाको लागी जिम्मेवार संघीय र प्रादेशिक मन्त्रालयहरू बीच समन्वय र सहयोगको लागि प्रभावकारी प्लेटफर्म र प्रक्रिया स्थापना भएको हुनेछ । विशेष गरी प्रादेशिक मन्त्रालयले खा.स.स्व इकाई, उपभोक्ता समिति र गैरसरकारी

संघीय र प्रादेशिक मन्त्रालयहरूसँगको सहकार्य बढाइने	संस्थाहरू जस्ता नगरपालिकाका अभियन्ताहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्न र आवश्यक भएमा प्रभावकारी रूपमा मर्मत सम्भार गर्न आफ्नो स्रोत परिचालन गर्नेछ।